मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

Purwanchal National Daily

◆ वर्ष : ३२ ◆ अङ्क : १०४ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८२ फागुन १७ गते आइतबार (Sunday, 29 February. 2026) नेपाल सम्वत् ११४६ Web : www .purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## नेपाल-भारत नाका तीन दिन बन्द

**झापा , फागुन १६।** प्रतिनिधिसभा सदस्य निर्वाचन-२०८२ लाई लक्षित गर्दै झापा जिल्लासँग जोडिएका नेपाल-भारत अन्तर्राष्ट्रिय सीमा नाका तीन दिनका लागि पूर्णरूपमा बन्द गरिने भएको छ ।

जिल्ला प्रशासन कार्यालय झापाले अत्यन्त जरुरी सूचना जारी गर्दै निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष, भयरहीत र सुरक्षित वातावरणमा सम्पन्न गराउने उद्देश्यले सीमा नाका बन्द गर्ने निर्णय गरिएको जनाएको छ ।

गृह मन्त्रालयमार्फत प्राप्त निर्वाचन आयोगको निर्देशन

*(बाँकी अन्तिम पृष्ठमा)*



संखुवासभाको मकालु गाउँपालिकास्थित अरुण नदीमा निर्माण गरिएको बेलिब्रिज भाँचिएको छ । समाचार पृष्ठ ३ मा

### प्रतिनिधिसभा निर्वाचन

# होली र रक्सीमा प्रतिवन्ध

**झापा, फागुन १६।** प्रतिनिधिसभा सदस्य निर्वाचन २०८२ लाई लक्षित गर्दै जिल्ला प्रशासन कार्यालय झापाले होली र रक्सीलाई प्रतिवन्ध गरेको छ ।

सहायक प्रमुख जिल्ला अधिकारी तेजप्रकाश प्रसाईद्वारा जारी सूचनामा होली पर्व (फागु पूर्णिमा)लाई सभ्य, मर्यादित र सुरक्षित रूपमा मनाउन आग्रह गर्दै निर्वाचन अवधिभर मादक पदार्थ सेवन र बेचबिखनमा पूर्णरुपमा प्रतिवन्ध लगाइएको उल्लेख छ ।

जिल्ला प्रशासन कार्यालय झापाले जारी गरेको सूचनामा ऐतिहासिक तथा सांस्कृतिक महत्व बोकेको होली पर्व आपसी सद्भाव कायम गर्दै शान्तिपूर्ण वातावरणमा मनाउन अनुरोध गरेको हो । प्रशासनले पछिल्ला वर्षहरूमा होली मनाउने नाममा हुने उच्छृङ्खल तथा अवाञ्छित गतिविधिले शान्ति सुरक्षा र जनस्वास्थ्यमा असर पार्ने गरेको उल्लेख गर्दै कानूनविपरीत गतिविधि नगर्न चेतावनी दिएको छ ।

सूचनामा कसैको इच्छाविपरीत जबर्जस्ती रङ दल्ने, पानीका लोला हान्ने, फोहोर पानी वा हिलो छ्याप्ने जस्ता कार्य नगर्न भनिएको छ । सार्वजनिक स्थानमा होहल्ला गर्न, मदिरा सेवन गरी सवारीसाधन चलाउन तथा सार्वजनिक शान्ति र व्यवस्थामा असर पर्ने गतिविधि गर्नसमेत रोक लगाइएको छ ।

त्यस्तै, सामाजिक व्यवहार तथा प्रचलित कानूनअनुसार धार्मिक र सांस्कृतिक पर्व मर्यादित रूपमा मनाउन, अनावश्यक खर्च र भड्किलो प्रदर्शन नगर्न पनि प्रशासनले आग्रह गरेको छ । परिवार तथा आफन्तबीच सीमित रही अरूलाई बाधा नपर्ने गरी पर्व मनाउन समेत अनुरोध गरिएको छ ।

सार्वजनिक सडक अवरुद्ध गर्ने, मेला-महोत्सव वा भीडभाड हुने कार्यक्रम आयोजना नगर्न तथा चुनावी अवधिसँग होली परेको सन्दर्भमा निर्वाचन आचारसंहिताविपरीत राजनीतिक नाराबाजी, दलका झण्डा-चिन्ह वा उम्मेदवारका प्रचार सामग्री प्रयोग नगर्न पनि सूचनामार्फत सचेत गराइएको छ । सूचनामा उल्लेखित व्यवस्था उल्लङ्घन गरी उच्छृङ्खल वा गैरकानूनी गतिविधि गरे प्रचलित कानूनअनुसार कारबाही गरिने चेतावनी दिइएको छ

यता निर्वाचन अवधिभर झापामा मदिरा बिक्री र सेवनलाई पूर्णरुपमा निषेध गरिएको छ । निर्वाचनलाई स्वच्छ, निष्पक्ष, सुरक्षित र भयरहीत वातावरणमा सम्पन्न गराउने उद्देश्यले यस्तो निर्णय गरिएको जनाइएको छ ।

गृह मन्त्रालयमार्फत प्राप्त निर्वाचन आयोगको निर्देशन तथा जिल्ला सुरक्षा समितिको निर्णयअनुसार फागुन १५ गते राति १२:०० बजेदेखि मतदानको अन्तिम परिणाम घोषणा नभएसम्म जिल्लाभर मदिरा बिक्री, वितरण, ओसारपसार तथा सेवन कार्य पूर्णरूपमा निषेध गरिएको प्रशासनले जनाएको छ ।

सूचनाको उल्लङ्घन गरी मदिरा बिक्री वितरण वा सेवन गरेको पाइए स्थानीय प्रशासन ऐन-२०२८, निर्वाचन (कसुर तथा

*(बाँकी अन्तिम पृष्ठमा)*

## आठ जनालाई कारबाही


**काठमाडौँ, फागुन १६।** निर्वाचन आयोगले आचारसंहिता उल्लङ्घन गरेका आठ जनालाई कारबाही र ९४ जनालाई स्पष्टीकरण सोधेको छ ।

राजनीतिक दल तथा उम्मेदवारबाट ५७ वटा स्पष्टीकरणको जवाफ प्राप्त भएको तथा छ जनालाई पुनः स्पष्टीकरण सोधिएको आयोगका कानून अधिकृत मोहनराज जोशीले जानकारी दिए ।

आयोगले निर्वाचन आचारसंहिता उल्लङ्घन गरेको भनी उजुरी परेका राजनीतिक दल, उम्मेदवार, सरकारी एवम् गैरसरकारी संस्था, सञ्चारमाध्यम र पत्रकारलाई पनि स्पष्टीकरण सोधेको छ । दर्ता भएका सञ्चारमाध्यम र त्यहाँ आबद्ध पत्रकारलाई भने प्रेस काउन्सिल नेपालमार्फत स्पष्टीकरण सोधिएको छ । देशभरबाट हालसम्म एक हजार ७६ वटा उजुरी प्राप्त भएकामा एक हजार ६१ वटा किनारा लगाइएको आयोगले जनाएको छ । सबैभन्दा बढी उजुरी लुम्बिनी प्रदेशबाट प्राप्त भएका छन् ।

## चन्द्रगढीमा श्रीएयरको टायर पड्कियो

**बिर्तामोड, फागुन १६।** झापाको चन्द्रगढी विमानस्थल शनिवार दिउँसो अवतरणका क्रममा श्रीएयरको जहाजको एउटा टायर पड्किएको छ ।



काठमाडौँबाट चालक दलका सदस्य सहित ७९ जना यात्रु बोकेर आएको श्रीएयरलाइन्सको SHA ९४१ नम्बरको उडान दिउँसो १२:३० बजे अवतरण गर्ने क्रममा जाहाजको देब्रेपट्टिको एक टायर पड्किएको हो ।

टायर पड्किए पनि सुरक्षित रूपमा बिमालाई धावनमार्गबाट पार्किङ क्षेत्रमा लगिएको विमानस्थल स्रोतले जनाएको छ । घटनापछि विमानस्थलमा केहीबेर असामान्य भए पनि अवस्था सामान्य रहेको बताइएको छ ।

विमानमा सवार सबै यात्रु तथा चालक दलका सदस्य सकुशल रहेको जनाइएको छ । प्राविधिक जाँच तथा आवश्यक मर्मतपछि जहाज पुनः नियमित उडानमा फर्काइने तयारी रहेको स्रोतको भनाइ छ ।

## पहिचानवादीले किन उठाए 'नो भोट' अभियानको कुरा



**बिर्तामोड, फागुन १६।** पहिचानवादी संस्थाहरूले आफ्ना एजेण्डामा प्रतिबद्धता नजनाउने उम्मेदवारविरुद्ध 'नो भोट' अभियान शुरु गरेका छन् ।

शनिबार झापाको बिर्तामोडमा आयोजित पत्रकार सम्मेलनमार्फत मुक्कुम्लुङ संरक्षण, केवलकार निर्माण विरोध तथा कोशी प्रदेश नामकरणको विषयमा स्पष्ट प्रतिबद्धता नजनाउने राजनीतिक दल र उम्मेदवारलाई मतदान नगर्ने अभियान शुरु गरिएको जानकारी दिइएको हो ।

मुक्कुम्लुङ संरक्षण अन्तरदलीय संघर्ष समिति र प्रदेश १ पुनः नामाङ्कन अभियान समितिले संयुक्त रूपमा 'सेभ मुक्कुम्लुङ, नो केबल कार, नो कोशी' अभियान घोषणा गर्दै एजेण्डाप्रति प्रतिबद्धता नदेखाउने उम्मेदवारलाई बहिष्कार गर्ने चेतावनी दिएका हुन् ।

अभियानकर्मीहरूले आफ्नो संस्कृति र सभ्यतासँग जोडिएको मुक्कुम्लुङ क्षेत्र संरक्षण गर्न केवलकार निर्माण रोक्नुपर्ने तथा प्रदेशको नाम पहिचानका आधारमा पुनः नामकरण गर्नुपर्ने माग अघि सारेका छन् । यससँगै १४ बुँदे माग सार्वजनिक गर्दै 'पार्टी र जातिभन्दा माथि उठौँ, हाम्रो एजेण्डा स्वीकार्ने र कार्यान्वयन गर्ने उम्मेदवारलाई जिताऔँ' भन्ने अपिल गरिएको छ ।

कार्यक्रमका वक्ताहरूले पहिचानका मुद्दामा स्पष्ट प्रतिबद्धता जनाउने उम्मेदवारलाई मात्र समर्थन गर्ने र अन्यथा मतदान नगर्न मतदातालाई आग्रह गरेका थिए । नेपाली कम्युनिष्ट पार्टीका केन्द्रीय सदस्य तथा पहिचानवादी नेता धनबहादुर पन्धाकले साझा सांस्कृतिक धरोहर मुक्कुम्लुङमा केवलकार निर्माण हुन नहुने र प्रदेशको नाम पहिचानअनुसार हुनुपर्ने माग पुरानै रहेको बताए । प्रतिबद्धता जनाउने उम्मेदवारलाई मात्र मत दिन आह्वान गरिएको उनले बताए ।

पत्रकार सम्मेलनमा किराँत याक्थुम् चुम्लुङका केन्द्रीय महासचिव तथा मुक्कुम्लुङ बचाउ संघर्ष समिति सदस्य निरन्ती तुम्बापो, सञ्जुहाङ पालुङ्वा, देशु वनेमलगायतले धारणा राखेका थिए ।

मुक्कुम्लुङ बचाउ संघर्ष समिति झापाका संयोजक हिमालयप्रकाश कन्दङ्वाको अध्यक्षतामा सम्पन्न कार्यक्रम किराँत याक्थुम् चुम्लुङ झापाकी सचिव भीममाया नेम्बाङले सञ्चालन गरेकी थिइन् । कार्यक्रममा फोनिजका संस्थापक प्रदेश इन्चार्ज दीपिन राई, प्रतिनिधिसभा सदस्य पदका उम्मेदवार सीके बेघा, त्रिनारायण राजवंशी र मानवअधिकारवादी नेता प्रेम घिसिङलगायत पहिचानवादी विभिन्न संस्थाका प्रतिनिधिको उपस्थिति रहेको थियो ।

## गुगलको होइन, भूगोलको उम्मेदवारः धर्मशीला

**अर्जुनधारा, फागुन १६।** नेपाली कम्युनिस्ट पार्टी झापा क्षेत्र नम्बर २ की प्रत्याशी उम्मेदवार धर्मशीला चापागाँईले आमूल परिवर्तन र राष्ट्रिय संरक्षणको एजेन्डा नेपाली कम्युनिस्ट पार्टीमा मात्र भएको बताएकी छिन् ।



झापाको अर्जुनधारा नगरपालिका-४ अन्तर्गत रातेखालमा आयोजित कोणसभालाई सम्बोधन गर्दै उम्मेदवार चापागाईले दलित मुक्ति धर्म निरपेक्ष समानुपातिक प्रतिनिधित्व र परिकल्पनासँगै संविधान निर्माण गर्न अहम् भूमिका खेलेको बताइन् । उनले त्यसलाई स्थायित्व प्रदान गर्न नेपाली कम्युनिस्ट पार्टीमा देशैभरि योग्य तथा सक्षम उम्मेदवार निर्माण गरेको बताइन् ।

कार्यक्रममा समानुपातिक उम्मेदवार ममता राजवंशीले यो अवस्थालाई निर्माण गरिएको बताउँदै यसलाई टेकेर समाजवाद उन्मुख राष्ट्र निर्माण गर्नका लागि जनतामाझ आएको बताइन् ।

कार्यक्रममा निर्वाचन परिचालन समितिका संयोजक हरिकुमार राना, अनुगमन समितिका संयोजक रणध्वज साउदेन आर्थिक समितिका संयोजक ज्योतिसिंह दर्लामी, अर्जुनधाराकी देवकला प्रसाई, अर्जुनधारा पार्टी अध्यक्ष नारद दुःखी लगायत वाइसीएल महिला समिति, मजदुर समिति, किसान समितिको उपस्थिति थियो । यसैगरी नेपाली कम्युनिष्ट पार्टीका उम्मेदवार चापागाँईले अर्जुनधारा-५ अन्तर्गत विभिन्न बस्तीहरूमा पुगेर आफू भूगोलको उम्मेदवार भएको बताइन् । 'हामी गुगलको नभएर भूगोलको उम्मेदवार हौं,- प्रत्याशी उम्मेद्वार चापागाँईले भनिन् 'यो भूगोलको समस्या र यसका निराकरणको लागि अरुको दृष्टि भन्दा नेपाली कम्युनिस्ट पार्टीको दृष्टिकोण फरक छ ।'

## "गठबन्धन गरेको छैन"

**काठमाडौँ, फागुन १६।** नेपाल कम्युनिष्ट पार्टी (एमाले)ले प्रतिनिधिसभा सदस्य निर्वाचनमा कुनै राजनीतिक दलसँग गठबन्धन नगरेको स्पष्ट गरेको छ ।

एमालेका केन्द्रीय निर्वाचन प्रचार संयोजक मीनबहादुर शाहीले शनिवार पत्रकारहरूसँग कुरा गर्दै उक्त जानकारी दिएका हुन् । आफ्नो पार्टी देश बनाउने सङ्कल्पका साथ चुनावी अभियानमा होमिएको उनले बताए ।

नेकपा एमालेका बारेमा स्वदेशी तथा विदेशी सञ्चारमाध्यममा आएका कतिपय विषय भ्रामक भएका बताउँदै संयोजक शाहीले निष्पक्ष सामग्री प्रस्तुत नभएको टिप्पणी गरे ।

## प्रेम सम्बन्धले ज्यान लियो

**झापा, फागुन १६।** धनुषामा एक युवकको हत्या गरिएको घटनामा संलग्न रहेको आरोपमा प्रहरीले मृतककी प्रेमिका र उनका परिवारसहित तीन जनालाई पक्राउ गरेको छ ।

जिल्ला प्रहरी कार्यालय धनुषाले पत्रकार सम्मेलन गर्दै घटनाको विस्तृत विवरण सार्वजनिक गरेको हो । गत फागुन १४ गते बिहीवार अपरान्ह करिव ४ बजे औरही गाउँपालिका-६, चक्करस्थित भित्री सडक खण्डभन्दा ३०० मिटर पूर्व मसुरी खेतमा एक युवकको शव फेला परेको थियो । घाँटी रेटिएको अवस्थामा फेला परेको उक्त शवको पहिचान धनुषाकै

*(बाँकी अन्तिम पृष्ठमा)*

# मध्यपूर्वमा तनावः खाडीका १९ लाख नेपालीको सुरक्षा चिन्ता

**बिर्तामोड, फागुन १६।** अमेरिका र इसराइलले शनिबार बिहान इरानमा आक्रमण गरेपछि इरानले जबाफस्वरूप इसराइल र मध्यपूर्वका विभिन्न देशहरूमा आक्रमण गरेको छ ।

यस घटनाले मध्यपूर्वमा तनाव बढाएको छ । खाडी क्षेत्रमा कार्यरत १९ लाख नेपालीको सुरक्षाको चिन्ता थपिएको छ । खाडी क्षेत्रमा विश्वका विभिन्न मुलुकसहित नेपालीहरु श्रमिकको रुपमा कार्यरत् छन् । कतार, युएई, बहराइन लगायतका देशमा नेपाली दूतावास र स्थानीय सुरक्षा निकायले सतर्कता अपनाउन, अनावश्यक यात्रा नगर्न, घर बाहिर ननिस्कन र सुरक्षा निर्देशन पालना गर्न आग्रह गरेका छन् ।

परराष्ट्र मन्त्रालयले खाडी क्षेत्रमा



रहेका नेपालीलाई बढी सावधानी अपनाउन र स्थानीय समुदायसँग सम्पर्कमा रहन आग्रह गरेको छ ।

इरानले यसअघि नै अमेरिकाले हमला गरे त्यसको प्रत्युत्तरमा मध्यपूर्वमा रहेको अमेरिकी सैन्य अड्डा निशानामा पर्ने चेतावनी दिएको थियो ।

इरानले कतारसँगै, युएई, बहराइन र जोर्डनमा रहेका अमेरिकी सैन्य अड्डालाई लक्ष्य गरेर हवाई आक्रमण गरेको छ । यसले मध्यपूर्वमा क्षेत्रीय तनाव उत्पन्न गराएको छ । मध्यपूर्वका सबैजस्ता देशहरूले आफ्नो हवाई क्षेत्र बन्द गरिसकेका छन् । मध्यपूर्व हुँदै उड्ने विभिन्न अन्तर्राष्ट्रिय एयरलाइन्सहरूले पनि उडान रद्द गरेका छन् । अधिकांश देशहरूले मध्यपूर्वमा रहेका आफ्ना नागरिकहरूलाई सुरक्षित बस्न भनेको छ ।

कतारको दोहास्थित अमेरिकी हवाई सेनाको अल उदैद सैन्य अड्डालाई लक्ष्य गरेर शनिबार दिउँसो इरानले मिसाइल हानेको अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरुले जनाएका छन् ।

दोहामा विस्फोटका आवाजहरू सुनिएको भनेर अमेरिकी टेलिभिजन नेटवर्क सिएनएनले लेखेको छ। कतारको हवाई प्रतिरक्षा प्रणालीले इरानी मिसाइल नस्ट गरेको जनाइएको छ । कतारको हवाई अड्डा अमेरिकाको मध्यपूर्वमा रहेकोमध्ये सबैभन्दा ठूलो सैन्य अड्डा हो ।

गत जुन महिनामा अमेरिकाले इरानमा हमला गर्दा पनि इरानले कतारमा रहेको सोही सैन्य अड्डालाई लक्ष्य गरेर मिसाइल हानेको थियो । कतारी रक्षा मन्त्रालयले शनिबारको आक्रमणलाई सफलतापूर्वक रोकेको जनाएको छ ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानमाथि विशेष सैन्य अपरेसन थालिएको बताएका छन् । इसराइलका प्रधानमन्त्री बेन्जामिन नेतन्याहूले इरानमा नेतृत्व परिवर्तन हुने दाबी गरेका छन् । ट्रम्पले पनि इरानमा जनताको हातमा शासनसत्ताको नियन्त्रण आउन सक्ने अवस्था सिर्जना हुने बताएका छन् ।

*(बाँकी अन्तिम पृष्ठमा)*




# मतदातालाई 'योग्य' उम्मेदवार छनोटका लागि 'मन्थन' गर्न मौन अवधि

**काठमाडौँ, फागुन १६।** पूर्वप्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले मौन अवधिले स्वच्छ र स्वतन्त्र वातावरणमा विवेकपूर्ण ढङ्गले मतदान गर्न मतदातालाई अवसर सिर्जना गर्ने भएकाले त्यसको पूर्णपालनाका लागि आग्रह गरेका छन् ।

उनले निर्वाचन व्यवस्थापन गर्ने निकायलाई सबै किसिमको बन्दोबस्त गरेर शान्तिसुरक्षा र सुव्यवस्थासहित भयरहीत वातावरणमा निर्वाचन गर्न मौन अवधिको व्यवस्था गरिएको स्पष्ट पारे ।

यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनको मौन अवधि फागुन १८ गते राति १२ बजेदेखि लागू हुँदैछ । मौन अवधि र यसको महत्वबारे कुराकानीमा पूर्वप्रमुख निर्वाचन आयुक्त थपलियाले भने - निर्वाचन प्रचारप्रसार अभियान क्रममा मतदातालाई विभिन्न किसिमका तनाव, दबाब र आश्वासन निरन्तर प्राप्त भइरहन्छ । त्यस्तो अवस्थामा सबैको कुरालाई मन्थन गरेर उपयुक्त व्यक्तिलाई मतदान गर्नका निम्ति 'फ्रेस' भएर जान सक्ने अवस्था सिर्जना गर्न मौन अवधिको परिकल्पना गरिएको हो ।

आ-आफ्नो दृष्टिकोण, योजना र कार्यक्रम लिएर मतदातासम्म पुगेका उम्मेदवार र राजनीतिक दललाई आफ्नो प्रचारप्रसारको ठण्डा दिमागले समीक्षा गरेर आनन्दले मतदान गर्न जाने र मतपरिणाम कुर्ने समयका रूपमा लिइने गरिएको छ ।

मौन अवधिको समय निर्वाचन व्यवस्थापकीय हिसाबले पनि अत्यन्त महत्वपूर्ण हुने पूर्वप्रमुख निर्वाचन आयुक्त थपलियाको भनाइ छ । मौन अवधिले निर्वाचन गराउने जनशक्ति र सुरक्षा फौजलाई सबैखाले कामबाट मुक्त गरेर शान्तपूर्ण वातावरणमा निर्वाचनको व्यवस्थापन गर्ने अवसर प्रदान गर्छ- उनले भने- यस अवधिमा मतदान केन्द्र बनाउने, मतदाता लाइनको व्यवस्थापन गर्ने, शान्ति सुरक्षाको अवस्था मूल्याङ्कन गर्ने गरिन्छ ।




विश्वका कतिपय मुलुकमा २४ देखि ७२ घण्टासम्म मौन अवधि तोक्ने चलन छ । पूर्वप्रमुख आयुक्त थपलियाले भयरहीत वातावरणमा प्रभावकारी ढङ्गले निर्वाचन सम्पन्न गर्ने र मतदातालाई सुसूचित भई सचेततापूर्वक 'योग्य र रोजेको' उम्मेदवारलाई मतदानका निम्ति निर्णयमा पुग्न प्रदान गरिएको समयका रूपमा लिइने बताए ।

मौन अवधिमा मत माग्न, पोष्ट गर्न, निर्वाचनलाई प्रभाव पार्ने गरी हिँडडुल गर्न, कुनै किसिमको भेला, भाषण र छलफल गर्न हुँदैन । निर्वाचनलाई प्रभाव पार्ने गरी कुनै पनि गतिविधि गर्न पाइँदैन । सामान्यत: निर्वाचन प्रचारप्रसारको कार्य निषेध गरिएको अवधिलाई मौन अवधि भनिन्छ । मतदानका लागि शान्त वातावरण कायम गराउने उद्देश्यले मतदानका दिनभन्दा अघि निश्चित समयावधि तोकी मौन अवधि घोषणा गरिन्छ ।

मतदान हुने दिन शुरु हुनुभन्दा ४८ घण्टा अघिदेखि मौन अवधि शुरु भई मतदान सम्पन्न नहुन्जेलसम्म कायम रहन्छ । उम्मेदवार, राजनीतिक दल तथा सम्बन्धित व्यक्तिले मौन अवधिमा विशेष आचारण पालना गर्नुपर्ने निर्वाचन आयोगले जनाएको छ । मौन अवधि शुरु हुनुभन्दा अगाडि मतदान केन्द्रको ३०० मिटर वरिपरि राखिएका आ-आफ्ना निर्वाचन चिह्न तथा प्रचारप्रसारका सामग्री हटाएको हुनुपर्ने निर्वाचन आचारसंहितामा उल्लेख छ । उक्त अवधिमा एसएमएस, फेसबुक, भाइबर जस्ता विद्युतीय माध्यमद्वारा प्रयोग गरिने सामाजिक सञ्जालमार्फत मत माग्न र निर्वाचन प्रचारप्रसार गर्न पाइने छैन । यस्तै, उम्मेदवार वा राजनीतिक दलको प्रचारप्रसार हुनेगरी कुनै समाचार वा सूचना प्रकाशन वा प्रसारण गर्न पाइँदैन ।

आउँदो बिहीबार हुने निर्वाचनका लागि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली ( प्रत्यक्ष) तर्फ ६१ वटा निर्वाचन चिह्नमा ६५ वटा राजनीतिक दलले प्रतिस्पर्धा गर्दैछन् । प्रत्यक्षतर्फ तीन हजार १७ पुरुष, ३८८ महिला र एक अन्य गरी तीन हजार ४०६ उम्मेदवार चुनावी प्रतिस्पर्धामा छन् ।

यस्तै, सामानुपातिक निर्वाचन प्रणालीतर्फ एक हजार ३६३ पुरुष र एक हजार ७७२ महिला गरी तीन हजार १३५ उम्मेदवार प्रतिस्पर्धामा छन् । प्रत्यक्षतर्फ १६५ निर्वाचन क्षेत्र र समानुपातिकतर्फ ११० स्थानका लागि निर्वाचन हुनेछ ।

यसपटकको निर्वाचनमा ९६ लाख ६३ हजार ३५८ पुरुष, ९२ लाख ४० हजार १३१ महिला र २०० अन्य गरी एक करोड ८९ लाख तीन हजार ६८९ मतदाता छन् । यसैगरी, एक लाख ८६ हजार १४२ अस्थायी मतदाता र हेको आयोगले जनाएको छ ।

निर्वाचनका लागि देशभर १० हजार ९६७ मतदानस्थलमा २३ हजार ११२ मतदान केन्द्र निर्धारण गरिएको छ । १४३ अस्थायी मतदानस्थल तय गरिएको छ । निर्वाचन सुरक्षाका लागि ७९ हजार ७२७ नेपाली सेना, ७५ हजार ७९७ नेपाल प्रहरी, ३४ हजार ५६७ सशस्त्र प्रहरी बल, एक हजार ९२१ राष्ट्रिय अनुसन्धान र एक लाख ४९ हजार ९० निर्वाचन प्रहरी खटिएका छन् । निर्वाचनमा दुई लाख १५ हजार कर्मचारी खटिँदैछन् । आयोगले प्रत्यक्ष र समानुपातिकतर्फ कूल चार करोड २२ लाख ५१ हजार २०० मतपत्र छपाइ गरिसकेको छ । यसपटकको निर्वाचनमा चार अन्तरराष्ट्रिय र ३९ राष्ट्रिय संस्था निर्वाचन पर्यवेक्षणमा खटिएका छन् ।

# अल्फा विटामा एआई स्मार्ट कक्षा



**झापा, फागुन १६ ।** पूर्वी नेपालको शैक्षिक परामर्श क्षेत्रमा सक्रिय संस्था अल्फा विटा कन्सल्टेन्सीले सेवा विस्तार र प्रविधिमैत्री शिक्षण प्रणालीलाई प्राथमिकता दिँदै बिर्तामोडस्थित आफ्नो कार्यालयलाई नयाँ स्वरूपमा सञ्चालनमा ल्याएको छ ।

आधुनिक संरचना र डिजिटल प्रविधिसहित पुन:निर्माण गरिएको कार्यालयको उदघाटन विशेष समारोहबीच सम्पन्न गरिएको हो ।

कार्यक्रममा नेपालका लागि पूर्व अष्ट्रेलियन राजदूत फेलिसिटी भल्क प्रमुख अतिथिका रूपमा सहभागी भएर कार्यालय उद्घाटन गरेकी थिइन् । उनले नेपालको युवा पुस्ता अन्तर्राष्ट्रिय शिक्षातर्फ आकर्षित भइरहेका सन्दर्भमा गुणस्तरीय शैक्षिक परामर्श संस्थाको भूमिका झन् महत्वपूर्ण बन्दै गएको उल्लेख गरिन् । प्रविधिमा आधारित सिकाइ प्रणालीले विद्यार्थीलाई विश्वस्तरीय प्रतिस्पर्धाका लागि तयार पार्ने उनको भनाइ थियो ।

समारोहमा न्यूजिल्याण्डकी कन्सुलर लिजा चोइग्याल विशेष अतिथिका रूपमा सहभागी थिइन् । उनले नेपाल-न्युजिल्याण्डबीचको शैक्षिक सम्बन्ध विस्तारमा निजी शैक्षिक परामर्श संस्थाहरूले सेतुको काम गरिरहेको बताइन् । अन्तर्राष्ट्रिय अध्ययन रोज्ने नेपाली विद्यार्थीका लागि विश्वसनीय मार्गदर्शन आवश्यक रहेको उनले जोड दिइन् ।

कार्यक्रममा अल्फा विटा ग्रुपका कार्यकारी निर्देशक द्विराज शर्मा, व्यवसायी रामबाबु गिरी, दीपेश पाठक, टीका ढकालगायत शिक्षा, व्यवसाय र सामाजिक क्षेत्रका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो । अल्फा विटा बिर्तामोडका सञ्चालक दिवस भुर्तेलका अनुसार सन् २०१८ देखि बिर्तामोडबाट शैक्षिक परामर्श सेवा प्रदान गर्दै आएको संस्थाले विद्यार्थीको बदलिँदो आवश्यकता र डिजिटल शिक्षण प्रवृत्तिलाई ध्यानमा राख्दै कार्यालयलाई नयाँ ढाँचामा रूपान्तरण गरेको हो ।

उनका अनुसार पूर्वी नेपालमै पहिलोपटक कृत्रिम बौद्धिकता (एआई) प्रविधिमा आधारित 'स्मार्ट क्लासरुम' स्थापना गरिएको छ । उक्त कक्षमार्फत विदेश अध्ययनको तयारी गर्ने विद्यार्थीलाई अन्तरक्रियात्मक सिकाइ, डिजिटल प्रस्तुति, भर्चुअल जानकारी र अन्तर्राष्ट्रिय विश्वविद्यालयसम्बन्धी अद्यावधिक सामग्री उपलब्ध गराइनेछ ।

भुर्तेल स्वयम् अष्ट्रेलिया, न्यूजिल्याण्ड, बेलायत, अमेरिका तथा क्यानडाका लागि प्रमाणित शैक्षिक काउन्सेलर रहेको जानकारी दिँदै उनले विद्यार्थीलाई सही गन्तव्य छनोटमा वैज्ञानिक परामर्श आवश्यक हुने बताए ।

अल्फा विटाले १६ भन्दा बढी देशमा पाँच सयभन्दा बढी शैक्षिक परामर्शदाता, भिसा सहायक तथा विद्यार्थी सहायता प्रतिनिधिमार्फत सेवा विस्तार गरेको छ ।

अन्तर्राष्ट्रिय विश्वविद्यालयसँगको सहकार्य, अध्ययन अवसरको अद्यावधिक जानकारी तथा विद्यार्थी अनुगमन प्रणालीलाई संस्थाले प्राथमिकतामा राखेको जनाएको छ ।

अल्फा विटाले विदेश अध्ययन गर्न चाहने नेपाली विद्यार्थीलाई विश्वविद्यालय छनोट, आवेदन प्रक्रिया, भिसा परामर्श, प्रि-डिपार्चर तयारी, भाषा तयारी कक्षा तथा करियर मार्गदर्शनसम्बन्धी सेवा उपलब्ध गराउँदै आएको छ ।

पछिल्लो समय डिजिटल लर्निङ, करियर काउन्सेलिङ र अन्तर्राष्ट्रिय शैक्षिक नेटवर्क विस्तारलाई संस्थाले रणनीतिक प्राथमिकतामा राखेको सञ्चालक भुर्तेलले बताए । बिर्तामोडस्थित मेघा कम्प्लेक्समा आयोजित उद्घाटन कार्यक्रम शैक्षिक परामर्श क्षेत्रमा प्रविधिमुखी रूपान्तरणको संकेतका रूपमा हेरिएको सहभागीहरूको प्रतिक्रिया थियो । आधुनिक शिक्षाको विश्वव्यापी प्रतिस्पर्धामा नेपाली विद्यार्थीलाई सक्षम बनाउने उद्देश्यसहित संस्था अगाडि बढिरहेको आयोजकले जनाएको छ ।

# लायन्स क्लब अफ बिर्तामोड लेडीको पदस्थापन

**झापा, फागुन १६।** लायन्स क्लब अफ बिर्तामोड लेडीको छैटौं पदस्थापन ( इन्डक्सन एण्ड इन्स्टलेसन) कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममार्फत सन् २०२५ कार्यसमितिले सन् २०२६ का लागि निर्वाचित अध्यक्ष आरती श्रेष्ठ नेतृत्वको नयाँ कार्यसमितिलाई औपचारिक रूपमा पद हस्तान्तरण गरेको हो । सन् २०२५ की अध्यक्ष इन्दिरा खरेलले नव निर्वाचित अध्यक्ष श्रेष्ठलाई लायन्स चेन हस्तान्तरण गर्दै जिम्मेवारी सुम्पिइन् । कार्यक्रममा प्रमुख अतिथि तथा इन्स्टलिङ अफिसर लायन्स इन्टरनेशनल डिस्ट्रिक्ट ३२५ 'सि'का डिस्ट्रिक्ट गभर्नर बबरजंग थापाले गन ग्याभल हस्तान्तरण गर्दै नयाँ कार्यसमितिको पदस्थापन भएको घोषणा गरेका थिए । कार्यक्रममा जुनियर सङ्गठन लियो क्लब अफ बिर्तामोड लेडीकी अध्यक्ष रक्षा खरेललाई समेत पदस्थापन गराइएको थियो । उक्त क्लबको सन् २०२५ को नेतृत्व दीक्षा कडरियाले गरेकी थिइन् ।



समारोहका अवसरमा क्लबलाई निरन्तर सहयोग तथा अभिभावकत्व प्रदान गरेको भन्दै लायन्स क्लब अफ बिर्तामोड सिटीका चार्टर्ड प्रेसिडेन्ट निरज ओली तथा पूर्व अध्यक्ष सत्यनारायण शर्मालाई सम्मान गरिएको थियो । कार्यक्रममा सेकेन्ड भाइस डिस्ट्रिक्ट गभर्नर रमेश खत्री, क्याबिनेट सेक्रेटरी नेत्र चम्लागाईं, चिफ एडभाइजर उदयनारायण बराल, डिस्ट्रिक्ट चिफ मनोज बानियाँ, पिआरओ सत्यनारायण शर्मा, डिस्ट्रिक्ट चिफ मनोज बस्नेत तथा बिर्तामोड उद्योग वाणिज्य संघका अध्यक्ष राजु न्यौपानेलगायतको उपस्थिति रहेको थियो ।

नयाँ कार्यसमितिको अध्यक्षमा आरती श्रेष्ठ चयन भएकी छन् । फस्ट भाइस प्रेसिडेन्टमा दुर्गा देवी पौडेल, सेकेन्ड भाइस प्रेसिडेन्टमा सिस शाह, थर्ड भाइस प्रेसिडेन्टमा संगीता चिमरिया, सेक्रेटरीमा सीता ढकाल खरेल, ट्रेजररमा दुर्गादेवी खरेल तथा जोइन्ट सेक्रेटरीमा मुना पौडेल रहेका छन् ।

बोर्ड अफ डाइरेक्टरमा सुनिता उप्रेती, अम्बिका मैनाली र कल्पना बानियाँ चयन भएका छन् भने सदस्यहरूमा उमा शाह, मिल्टु राजभण्डारी, इन्दिरा भण्डारी बिमली, तारा उप्रेती तथा शान्ति शर्मा रहेका छन् । कार्यक्रममा पूर्व अध्यक्षहरू दुर्गा पाठक थपलिया, नम्रता रिजाल ढकाल तथा निरु उप्रेतीको विशेष उपस्थिति रहेको थियो । समारोहमा विभिन्न क्षेत्रका सामाजिक अगुवा, व्यवसायी तथा लायन्स सदस्यहरूको उल्लेख्य सहभागिता रहेको आयोजकले जनाएको छ ।

## मध्यपूर्वमा ...

**भारतद्वारा सबै उडानहरू स्थगित**

इसरायल र अमेरिकाले इरानमाथि आक्रमण गरे पछि भारतका दुई ठूला निजी विमान कम्पनी इन्डिगो र एयर इन्डियाले मध्यपूर्वका सबै गन्तव्यमा उडान स्थगित गरेका छन् ।

मध्यपूर्वका केही भागहरूमा बढ्दो आक्रमणको अवस्थालाई ध्यानमा राख्दै, मध्यपूर्वका सबै गन्तव्यहरूमा जाने एयर इन्डियाका सबै उडानहरू स्थगित गरिएको एयर इन्डियाले सामाजिक सञ्जाल एक्स मार्फत विज्ञप्ति जारी गर्दै जनाएको हो । इन्डिगोले पनि ग्राहक र चालक दलका सदस्यहरूको सुरक्षालाई ध्यानमा राख्दै अस्थायी रूपमा उडानहरू स्थगित गरिरहेको बताएको छ ।

प्रधानमन्त्री नरेन्द्र मोदी इसरायलको ऐतिहासिक भ्रमण पछि स्वदेश फर्केको एक दिन पछि इरानमा आक्रमण भएको हो, जहाँ दुवै पक्षले व्यापार र रक्षा सम्बन्धलाई मजबुत बनाउन सहमत भएका थिए । प्रधानमन्त्री मोदीले इसरायली सांसदहरूलाई सम्बोधन गर्दै सन् २०२३ अक्टोबर-७, मा हमासको घातक आक्रमण पछि नयाँ दिल्ली इसरायलसँग "दृढतापूर्वक" उभिएको बताएकान थिए ।

यता मध्यपूर्वमा विकसित हुँदै गएको तनावपूर्ण परिस्थितिलाई मध्यनजर गर्दै नेपाल सरकारले इसरायल र इरानमा रहेका नेपाली नागरिकलाई उच्च सतर्कता अपनाउन र सुरक्षित रहन आग्रह गरेको छ । परराष्ट्र मन्त्रालयले परिस्थितिको सूक्ष्म निगरानी गरिरहेको जनाउँदै तत्कालका लागि यी दुई देशको यात्रा नगर्नसमेत शनिबार एक एडभाइजरी जारी गर्दै आग्रह गरेको छ ।

मन्त्रालयले जारी गरेको विज्ञप्तिमा इसरायल र इरानमा रहेका नेपालीहरूलाई त्यहाँका सम्बन्धित सरकारी तथा सुरक्षा निकायले जारी गरेका सुरक्षा सल्लाह र निर्देशनहरूको पूर्ण रूपमा पालना गर्न अनुरोध गरिएको छ ।

नागरिकहरूलाई सकेसम्म घरभित्रै बस्न, चनाखो रहन, आवश्यक सावधानी अपनाउन र आफू रहेको क्षेत्रका नेपाली समुदायसँग निरन्तर सम्पर्कमा रहन सुझाइएको छ । यसका साथै, स्थानीय अधिकारीको पूर्व स्वीकृति बिना कुनै पनि यात्रा नगर्न मन्त्रालयले सचेत गराएको छ ।

यसैगरी, रोजगारी वा अन्य कुनै प्रयोजनका लागि इसरायल वा इरान जाने तयारीमा रहेका नेपाली नागरिकलाई दुवै देशको अवस्था सामान्य नभएसम्मका लागि आफ्नो यात्रा योजना तत्काल स्थगित गर्न मन्त्रालयले कडा सुझाव दिएको छ ।

मध्यपूर्वका अन्य देशहरूमा बसोबास गर्ने तथा कार्यरत नेपालीहरूलाई पनि विकसित घटनाक्रमको निरन्तर निगरानी गर्न र सम्बन्धित देशका अधिकारीहरूले सुझाएका पूर्वसावधानीका उपायहरू अपनाउन आग्रह गरिएको छ । कुनै पनि आपत्कालीन अवस्था आइपरेमा वा आवश्यक जानकारी तथा समन्वयका लागि मन्त्रालयले सम्पर्क विवरणहरूसमेत सार्वजनिक गरेको छ । नागरिकहरूलाई काठमाडौँस्थित परराष्ट्र मन्त्रालय, इसरायलको तेल अविवस्थित नेपाली राजदूतावास र कतारको दोहास्थित नेपाली राजदूतावाससँग निरन्तर सम्पर्कमा रहन अनुरोध गरिएको छ ।

## होली ...

सजाय) ऐन-२०७३ तथा प्रचलित कानूनबमोजिम कारबाही गरिने चेतावनी दिइएको छ । प्रशासनले निर्वाचनको संवेदनशीलतालाई मध्यनजर गर्दै उद्योगी, व्यवसायी, होटल तथा रेस्टुरेन्ट सञ्चालक र सर्वसाधारणलाई सूचनाको पूर्ण पालना गर्न आग्रह गरिएको सहायक प्रमुख जिल्ला अधिकारी प्रसाईले बताए ।

## नेपाल ...

तथा जिल्ला सुरक्षा समितिको निर्णयअनुसार फागुन १८ गते राति १२:०० बजेदेखि फागुन २१ गते राति १२:०० बजेसम्म भारतसँग जोडिएका झापाका सम्पूर्ण अन्तर्राष्ट्रिय सीमा नाका बन्द रहनेछन् ।

उक्त अवधिमा सुरक्षा अधिकारीबाट प्रमाणित एम्बुलेन्सलगायत आकस्मिक स्वास्थ्य सेवा प्रदायक सवारीसाधन र बिरामी बाहेक सीमा वारपार हुने सम्पूर्ण सवारी आवागमन तथा सर्वसाधारणको आवतजावतमा पूर्ण रूपमा रोक लगाइने प्रशासनले जनाएको छ ।

सीमावर्ती क्षेत्रमा सुरक्षा सतर्कता बढाउँदै निर्वाचन अवधिभर निगरानी कडा पारिने प्रशासनको भनाइ छ । सूचना सहायक प्रमुख जिल्ला अधिकारी तेजप्रकाश प्रसाईद्वारा जारी गरिएको हो ।

उता इलाममा पनि प्रतिनिधिसभा सदस्य निर्वाचन-२०८२ लाई लक्षित गर्दै जिल्ला प्रशासन कार्यालय इलामले नेपाल-भारत अन्तर्राष्ट्रिय सीमा नाका तीन दिनका लागि पूर्ण रूपमा बन्द गर्ने निर्णय गरेको छ ।

जिल्ला प्रशासन कार्यालयका अनुसार फागुन १८ गते राति १२:०० बजेदेखि फागुन २१ गते राति १२:०० बजेसम्म सीमा वारपार हुने सम्पूर्ण सवारीसाधन आवागमन तथा सर्वसाधारणको आवतजावत बन्द रहनेछ ।

निर्णयअनुसार सुरक्षा अधिकारीबाट प्रमाणित आकस्मिक स्वास्थ्य सेवा प्रदायक सवारीसाधन तथा बिरामी बोक्ने सवारीलाई भने सञ्चालनमा अनुमति दिइने जनाइएको छ ।

प्रमुख जिल्ला अधिकारी लक्ष्मण ढकालले शान्तिपूर्ण, स्वतन्त्र र निष्पक्ष वातावरणमा निर्वाचन सम्पन्न गराउने उद्देश्यले सीमा नाका बन्द गर्नुपरेको बताए । निर्वाचन अवधिमा कुनै पनि अवाञ्छित गतिविधि हुन नदिन यस्तो व्यवस्था गरिएको उल्लेख गर्दै उनले सर्वसाधारणलाई जिम्मेवारीपूर्वक सहयोग गर्न आग्रह गरे ।

जिल्ला प्रशासन कार्यालयले निर्वाचन अवधिमा सुरक्षा सतर्कता बढाइएको जनाउँदै सीमावर्ती क्षेत्रमा अनुगमन र निगरानीलाई समेत कडा बनाइने जनाएको छ ।

## प्रेम...

हंसपुर नगरपालिका-९, बुदौल (रुदौली) निवासी १८ वर्षीय सुमितकुमार मण्डलको रूपमा भएको छ ।

उनी सगरमाथा माध्यमिक विद्यालयमा कक्षा ११ मा अध्ययनरत थिए । प्रहरीको प्रारम्भिक अनुसन्धानअनुसार मृतक सुमित र हंसपुर नगरपालिका-६, सोनिगामा बस्ने १७ वर्षीया काजलकुमारी मण्डलबीच विगत एक वर्षदेखि प्रेम सम्बन्ध रहेको खुलेको छ । फागुन १३ गते साँझ काजलले घरमा कोही नभएको मौका छोपी सुमितलाई भेट्न बोलाएकी थिइन् । सोही क्रममा काजलका परिवारका सदस्यहरूले उनीहरूलाई आपत्तिजनक अवस्थामा फेला पारेपछि विवाद शुरु भएको थियो । जिल्ला प्रहरी कार्यालय धनुषाका प्रहरी उपरीक्षक रुग्मबहादुर कुँवरका अनुसार, सुमितलाई नियन्त्रणमा लिएपछि काजलका दाजु २० वर्षीय दीपेशकुमार मण्डल र काकाका छोरा २९ वर्षीय परमेश्वर मण्डलले भैंसी बाँध्ने डोरीले सुमितको दुवै हात पछाडि बाँधेका थिए ।

पक्राउ पर्नेहरूमा मृतककी प्रेमिका काजल कुमारी मण्डल, उनका दाजु दीपेशकुमार मण्डल र दाजु परमेश्वर मण्डल रहेको प्रहरीले जनाएको छ ।


**पार्ट टाइम जब**

यस पूर्वाञ्चल दैनिक पत्रिका वितरण गर्न आफ्नै साइकल भएका स्थानीय इच्छुक महिला/पुरुषले तु-सम्पर्क गर्नुहोला ।

**क्षेत्र :** बसपार्क/बुट्टाबारी

**तलब :** ५०००/- माथि (पाँच हजार रुपैयाँ माथि ।)

**समय :** बिहान ५:०० बजेदेखि ७:०० बजेसम्म ।

**सम्पर्क : ९८०७९१०२२२, ९८०६०३३१५३**

**बिर्तामोडमा 4D भिडियो एक्स-रे र ल्याव सेवा**

वरिष्ठ रेडियोलोजिष्ट **डा. संजयकुमार गुप्ता**द्वारा

**निशा एडभान्स अल्टासाउण्ड एण्ड डायग्नोष्टिक क्लिनिकमा**

- प्रत्येक दिन बिहान ६:०० बजेदेखि ८:३० बजे र बेलुका २:०० बजेदेखि ८:०० बजेसम्म
- पश्चिम बस स्टेण्ड उत्तर, बिर्तामोड-५, झापा

**हाम्रा सेवाहरु**

- Fetal Echo, Fibro Scan Liver (पहिलोपल्ट)
- विशेषज्ञद्वारा ओ.पी.डी. सेवा
- निसन्तान परामर्श केन्द्र
- 12 Lead ECG,
- सुपथ मूल्यको फार्मेसी सेवा
- अत्याधुनिक प्याथोलोजी ल्याव
- 4D भिडियो एक्स-रे
- Anomaly Scan, TVS
- रक्त नलिको Colour Doppler
- Advance CT Scan




सम्पर्क नं. : ०२३-५९०१९४, ९८०१५६६४७८, ९८१७९८४६४६

Advance Pathology Lab

विश्वसनीय स्वास्थ्य परीक्षणको लागि तपाईंको आफ्नै ल्याब हामीकहाँ आधुनिक प्रविधिबाट सुसज्जित प्रयोगशाला, अनुभवी प्राविधिक र छिटो तथा भरपर्दो रिपोर्टको व्यवस्था छ।

तपाईंको स्वास्थ्य, हाम्रो जिम्मेवारी।

- छिटो र भरपर्दो रिपोर्ट
- आधुनिक मेसिन र अनुभवी टेक्निसियन
- सबै प्रकारका रगत तथा पिसाब परीक्षण
- उचित शुल्कमा गुणस्तरीय सेवा

**Advance Pathology Lab**
ISO 15189 -2022 certified lab
Birtamode-1, Charpane, Jhapa
023-536070, 9817032003
Email:advancelab2010@gmail.com


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७५९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail .com

पूर्वाञ्चल

## सम्पादकीय

### मानवता नमरोस्

**व्यक्ति हत्याको अर्को एउटा रुप सर्लाही जिल्लाको सर्लाहीमा कार्यरत सब–इञ्जिनियर प्रमोदकुमार यादवलाई गोली हानी हत्या गरिएको थियो । यादव हत्याको अनुसन्धान गर्दै प्रहरीले तीन जनालाई पक्राउ गरिसकेको छ । यही फागुन ३ गते साँझ डेरामा बसेका यादवलाई भेट्न बोलाएर हत्या गरेको अनुसन्धानबाट खुलेको प्रहरीको भनाइ छ । पछिल्लो समय मान्छेले मान्छे मार्नु शत्रू जीव मार्नुभन्दा सामान्य हुन थालेको यस घटनाले पुष्टि गरेको छ । यसले वैदिक सनातन दर्शनको 'वशधैव कुटुम्बकं' भन्ने आदर्शलाई उपहास गरेको छ ।**

**प्रहरीले अनुसन्धानका क्रममा फेला पारेको हत्याको कारण पनि अनौठो छ । विगतमा व्यक्तिगत शत्रुता, प्रेम र यौन सम्बन्ध, सम्पत्ति विवाद लगायतका कारणले हत्या भएका उदाहरण छन् । तर, यी सबैभन्दा भिन्न यादव हत्याको कारण जागिरको उद्देश्य रहेको अनौठो तथ्य बाहिर आएको छ । प्रदेश लोकसेवा आयोग जनकपुर धामबाट लिइएको सब–इञ्जिनियर पदमा परीक्षा उत्तीर्ण गरेका प्रमोदकुमारलाई सधैंका लागि पन्छाएर वैकल्पिक सूचीमा रहेका गणेशकुमार महतोले नियुक्ति अवसर सुनिश्चित गर्न यस्तो क्रुरता प्रदर्शन गरे । प्रहरीले उक्त घटनाका मुख्य योजनाकार गणेश तथा अपराधमा संलग्न अन्यलाई समेत पक्राउ गरेको छ ।**

**परिवार र आफन्तबाट हत्या हुनुमा अनैतिक सम्बन्ध, आर्थिक लेनदेन र घरायशी विवाद मुख्य कारणहरु हुने गरका छन् । पछिल्लो समय श्रीमान–श्रीमती नै एकअर्काको हत्यामा संलग्न हुने क्रम बढेको छ । यस्तो हत्यामा परपुरुष वा परस्त्रीसँगको सम्बन्ध देखिने गरेको प्रहरीको अनुसन्धानले देखाएको छ । आखिर किन मानवता यति कमजोर भइरहेको छ । दया, प्रेम, करुणा र बन्धुत्वको भावना किन मर्दैन ? जसका कारण समाज यति बिद्रुप हुन थालेको छ । त्यसो त हाम्रो पारिवारिक ढाँचा फेरिएको छ । एकल परिवारमा रहँदा बालबालिकाले सामाजिकता, मर्यादा र अनुशासन के हो सिक्न, बुझ्न र त्यस अनुसारको व्यवहार गर्न पाउँदैनन् । अझ प्रविधिको पहुँच सामाजिक सञ्जालको गलत प्रयोग जस्ता कारणले अपराधको मानसिकता बनाउँदै लगेको छ ।**

**व्यक्ति हत्याका पछि आर्थिक अभाव, उच्च महत्वाकांक्षा समेत जिम्मेवार हुन्छन् । त्यसले मानिसलाई यतिसम्म क्रुर बनाउँछ कि मानिस मानिसलाई मार्न पछि पर्दैन । सर्लाहीमा भएको यादव हत्या प्रकरणले भने नयाँ रहस्य उद्घाटन गरेको छ । रोजगारको अवसर प्राप्त गर्न कै लागि एक निरपराध मानिसको ज्यान जानुले रोजगारीको अवसर कति खुम्चिएको छ भन्ने देखाउँछ । रोजगारकै लागि लाखौं युवाशक्ति विदेश पलायन भइरहेका छन् भने स्वदेशमा रहेकाले पनि क्षमता, सिप र योग्यता प्रयोग गर्ने अवसर पाएका छैनन् । यस्तोमा अनौठो तर विभत्स यादव हत्या प्रकरणले राज्य सञ्चालन गर्ने दल, नेता र नेतृत्वहरुको गम्भीर ध्यान आकृष्ट गर्नुपर्छ । अन्यथा यस्ता अपराधको घटनालाई न्यूनीकरण गर्न गाह्रो हुन्छ ।**

# चुनावमा सहभागी हुन आतुर छन् मतदाता



**शीतलप्रसाद महतो**




यतिखेर मुलुक प्रतिनिधिसभा सदस्य निर्वाचनमा होमिएको छ। निर्वाचनमा सहभागी हुन मतदातामा उत्साहको वातावरण देखिएको छ। भ्रष्टाचार नियन्त्रण, सुशासन तथा विकास निर्माण प्रति सर्वसाधारण नेपाली नागरिकको उत्कृष्ट अभिलाषा एवम् आकांक्षाको प्रतिनिधित्व र परिपूर्ति गर्नका लागि मतदाता मतदानको व्यग्र प्रतीक्षा गरेका छन्। अर्थात् उनीहरु प्रतिनिधिसभा सदस्य चुन्न आतुर देखिएका छन्।

यही फागुन २१ गते हुन गइरहेको प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि अहिले चुनावी प्रचारप्रसारको सरगर्मी ह्वात्तै बढ्को छ। मुलुकका शहर तथा ग्रामीण क्षेत्रका विभिन्न चोक, चिया पसलदेखि टोल-टोल र खेतबारी उम्मेदवार तथा पार्टीका जित-हारको आंकलन तथा चुनावी कुराकानीले गर्माएको छ। विभिन्न दलका नेता, कार्यकर्ता र उम्मेदवारले बिहानैदेखि मतदाताको घरआँगन तथा खेतबारीमा पुगेर मत माग्ने कार्यलाई तीव्रता दिएका छन् भने चुनावी सभा र कोण सभालाई पनि त्यतिकै महत्वका साथ अगाडि बढाएका छन्।

विभिन्न दलका शीर्ष नेताहरु पनि चुनावी सभा र प्रचारप्रसारमा व्यस्त देखिएका छन् भने चुनावको समाचार सङ्कलन गर्न राष्ट्रिय सञ्चारमाध्यमका प्रतिनिधिहरुलाई पनि अहिले भ्याइ-नभ्याइ भएको छ। राजनीतिक स्थायित्व, आर्थिक समृद्धि र समावेशी सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधानको प्रभावकारी कार्यान्वयनसहितको समृद्ध नेपाल निर्माणका लागि हुन लागेको यो निर्वाचनलाई सफल र सार्थक बनाउन सबैको साझा प्रयास हुनु पर्दछ। यो चुनाव समावेशी सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधानको प्रभावकारी कार्यान्वयन, समावेशी विकास र समृद्ध मुलुकको निर्माणसँग जोडिएकाले यसलाई जसरी भए पनि सफल बनाउनु प्रत्येक नेपालीको दायित्वभित्र पर्दछ। निर्वाचनमा आफ्ना लागि मत माग्न आइरहेका उम्मेदवारलाई मतदाताले भोगिरहेका विभिन्न समस्याको समाधानका लागि प्रतिबद्धता खोजिरहेका छन्।

वेरोजगारी, आर्थिक कठिनाई, पूर्वाधारको अभाव, स्वास्थ्य, शिक्षा र खानेपानीको अभावलाई मतदाताले प्रमुख समस्याका रुपमा लिएका छन्। यी यस्तै समस्यामा केन्द्रित भएर वस्तुगत समाधान प्रस्तुत गर्ने दल र उम्मेदवारप्रति नागरिकको अपेक्षा बढेको छ। वेरोजगारी र आर्थिक कठिनाइबाट आम नागरिक प्रताडित छन्। श्रम बजारमा हरेक वर्ष पाँच लाख नयाँ श्रमशक्ति आउने गरेका छन्। स्वदेशमा उनीहरूका लागि रोजगारीका अवसर अत्यन्तै कम हुँदा उनीहरूको जीवनमा आर्थिक कठिनाइ निम्तिने गरेको छ। त्यसैले वैदेशिक रोजगारी नै उनीहरूका लागि विकल्प हुने गरेको छ। हरेक वर्ष औसतमा तीन लाख युवा नयाँ श्रम स्वीकृति लिएर र पाँच/छ लाख पुरानो रोजगारीलाई निरन्तरता दिन विदेशिने गरेको देखिन्छ। रोजगारी सिर्जना देशको आर्थिक विकाससँग पनि जोडिन्छ। आर्थिक विकासका लागि औद्योगिक विकास र स्वरोजगारका अवसरसँग जोडिन्छ। त्यसैले अब राजनीतिक दलहरूको मुख्य 'एजेन्डा' नै आर्थिक विकास हुनुपर्छ भन्ने आम मतदाताको भनाइ छ।

सम्भावित निर्वाचनको अर्को महत्वपूर्ण पक्ष 'डिजिटल' राजनीति हो। नेपालमा 'इन्टरनेट' पहुँच ७० प्रतिशतभन्दा बढी पुगेको छ भने सामाजिक सञ्जाल प्रयोगकर्तामध्ये बहुसंख्यक युवा छन्। 'टिकटक, फेसबुक, युट्युब र एक्स (ट्विटर)' अब केवल मनोरञ्जनका माध्यम होइनन्, राजनीतिक विमर्शका मुख्य 'प्लेटफर्म' बनेका छन्। यसले परम्परागत चुनावी अभियानको स्वरूप नै परिवर्तन गरिदिएको छ। ठूला सभा, पोस्टर र नाराभन्दा छोटा भिडियो, तथ्यको जाँच, विगतको अभिलेख र सार्वजनिक बहस प्रभावकारी बन्दै गएका छन्। युवा मतदाताले उम्मेदवारको इतिहास, व्यवहार र विश्वसनीयतालाई डिजिटल माध्यमबाट सजिलै मूल्याङ्कन गरिरहेका छन्। यसले चुनावी राजनीतिमा पारदर्शिता बढाएको छ, तर दलहरूका लागि चुनौती भने थपेको छ।

जनसंख्याको बनोट र सामाजिक विविधताको आयामको प्रतिबिम्ब हरेक राजनीतिक र सामाजिक प्रक्रिया र प्रतिस्पर्धामा देखियोस् भन्ने अपेक्षा गरिएको हुन्छ। तर, यस निर्वाचनमा उमेर समूह, लैङ्गिकता, जातीय विविधता जस्ता पक्षमा दलहरूको उम्मेदवारी असन्तुलित देखिएको छ। यसबाट सामाजिक विविधतालाई राजनीतिक ठाउँ दिने विषयलाई दलहरूले भित्रैबाट अनुभूत गर्न नसकेको देखिन्छ। यस निर्वाचनमा प्रत्यक्षतर्फको उम्मेदवारीमा दलित, आदिवासी, जनजाति मधेसी, मुस्लिम, अल्पसंख्यक र सीमान्तकृत वर्ग समूहलाई दलहरुले सन्तुलित ढङ्गले उम्मेदवारी वितरण नगरेको देखिन्छ। दलहरु केवल राजनीतिक विरासत भएका, निर्वाचन खर्च बेहोर्न सक्ने तथा चर्चित अनुहारहरू परेको देखिन्छ।

**कोशी र मधेस प्रदेश बढी चर्चामा**

आसन्न निर्वाचनमा कोशी र मधेस प्रदेश चर्चाको शिखरमा छन्। भूपूदेखि भावी प्रधानमन्त्रीका दाबेदारसम्मको उम्मेदवारीले यो दुबै प्रदेश चर्चाको शिखरमा रहेका छन्। मधेस प्रदेशमा प्रतिनिधिसभाका ३२ सिट मध्ये एकमा पूर्व प्रधानमन्त्री र एकमा भावी प्रधानमन्त्रीका रूपमा प्रस्ताव गरिएका नेताको उम्मेदवारी छ।

त्यस्तै, मधेस केन्द्रित दलका शीर्ष नेताहरूको उम्मेदवारीले पनि यो प्रदेशमा चुनावी सरगर्मी बढाएको छ। नेपाली कांग्रेसका सभापति गगनकुमार थापा, पूर्व प्रधानमन्त्री माधवकुमार नेपाल, जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव, जनमत पार्टीका अध्यक्ष डा. चन्द्रकान्त (सिके) राउत, राष्ट्रिय मुक्ति पार्टी नेपालका अध्यक्ष राजेन्द्र महतो, नेपाली कांग्रेसका पूर्व उपसभापति विमलेन्द्र निधि, नेपाली कम्युनिस्ट पार्टीका नेता नारायणकाजी श्रेष्ठदेखि अहिलेको चुनावी सरकारका निवर्तमान मन्त्री बब्लु गुप्तासम्मको उम्मेदवारी मधेसमै परेको छ। त्यसबाहेक दर्जनौं पूर्व मन्त्रीको राजनीतिक भविष्य जोडिएका हुनाले मधेस प्रदेशमा हुने रोचक चुनावी प्रतिस्पर्धाले सबैको ध्यान केन्द्रित गरेको छ।

निर्वाचन नजिकिँदै गर्दा कोशी प्रदेश पनि चर्चामा रहेको छ। विशेषगरी झापा ५ यतिबेला निकै चर्चामा छ। नेकपा (एमाले) अध्यक्ष केपी शर्मा ओली र रास्वपा वरिष्ठ नेता बालेन्द्र शाहको उम्मेदवारीका कारण यो क्षेत्रलाई विशेष चासोका साथ हेरिएको छ। कोशी प्रदेशमा प्रतिनिधिसभाका २८ सिट मध्ये झापा ५ पूर्व प्रधानमन्त्री र भावी प्रधानमन्त्रीका रूपमा प्रस्ताव गरिएका नेताको उम्मेदवारी परेको छ। त्यसैगरी नेपाली कांग्रेसका नेता डा. शेखर कोइराला, ज्ञानेन्द्रबहादुर कार्की, विजयकुमार गच्छदार, नेकपा एमालेका देवराज घिमिरे, रास्वपाका निशा डाँगी, श्रम संस्कृति पार्टीका हर्कराज राई र नेपाली कम्युनिष्ट पार्टीका हरि रोक्का उम्मेदवारीले यो प्रदेश पनि चुनावी चर्चाको शिखरमा पुगेको छ।

**आचारसंहिता उल्लघंनका घटना बढ्दो**

आचारसंहिता उल्लङ्घनमा प्रायः सबैजसो राजनीतिक दलका उम्मेदवार सक्रिय देखिएका छन्। विशेषगरी चुनावमा पैसाको माग र महत्व बढिरहेका बेला प्रभावशाली उम्मेदवारले अरूको कार्यकर्ता तान्न र आफ्नै कार्यकर्ता जोगाउन पनि ठूलै रकम खर्च गर्ने गरेका छन्। निर्वाचन आयोगले जारी गरेको आचारसंहिता विपरीत उम्मेदवारहरुले निर्वाचन आचारसंहिता विपरीत एक दर्जनभन्दा बढी चारचक्के गाडी प्रयोगमा ल्याइरहेको देखिन्छ।

कोशी, मधेस र लुम्बिनी प्रदेशका अधिकांश उम्मेदवारले भारतीय नम्बर प्लेटका गाडी प्रचारप्रसारमा प्रयोगमा ल्याइरहेका छन्। उम्मेदवारहरुले गाडीमै 'साउन्ड बक्स' जडान गरी चुनावी गीत बजाउँदै घरदैलो गरिरहेका छन्। मतदाता लोभ्याउन चुनावी भोज-भतेरमा बन्देज लागे पनि दिनहुँ प्रत्येक क्षेत्रमा भोजभतेर चलिरहेको छ। आयोगले तडक-भडक, बाजा-गाजा तथा सार्वजनिक स्थानमा पार्टीका झन्डा झुन्ड्याउन नपाइने निर्देशन जारी गरेको छ। तर, आयोगको निर्देशन विपरीत प्रायः सबै प्रदेशको विभिन्न स्थानमा पार्टीका झन्डा तथा प्रचार सामग्री खुला रूपमा झुन्ड्याइएको पाइएको छ।

अर्कोतिर मतदाता शिक्षा प्रभावकारी देखिएको छैन। मन परेका व्यक्तिलाई छानेर मत हाल्न पाइने कि नपाइने, कसरी छाप लगाउने, कसरी पट्याउने भन्ने कुराको चिन्ता अधिकांश मतदातामा छ। यही फागुन २१ गते हुने निर्वाचनलाई स्वच्छ, निष्पक्ष र मर्यादित बनाउन निर्वाचन आयोगले आह्वान गरे पनि आचारसंहिता उल्लङ्घनको घटना बढेको बढेकै छ।

**खुल्ला सिमाना र सुरक्षा चुनौती**

विशेषगरी छिमेकी मुलुक भारतको सीमासँग जोडिएको निर्वाचन केन्द्रमा सुरक्षा चुनौती बढ्न थालेको छ। निर्वाचनका बेला सुरक्षा व्यवस्थाका लागि तीनै निकाय संयुक्त र समन्वयात्मक रुपमा परिचालन भएको छ। भारतसँगको खुला सिमानाका कारण उत्पन्न हुने सुरक्षा चुनौती सामना गर्न स्थानीय प्रहरी प्रशासनले अधिकतम उपाय प्रयोग गरिरहेकाले ढुक्कसँग मतदान गर्न पाउने अवस्था छ। प्रहरीले ठाउँ-ठाउँमा 'चेक प्वाइन्ट' राखेर सुरक्षा जाँच तीव्र बनाएको छ।

खुल्ला सिमानाका कारण घुसपैठ र आपराधिक घटना हुनसक्ने अवस्थालाई ध्यानमा राखेर उच्च सुरक्षा सतर्कता अपनाइएको छ। भारतबाट भाडाका अपराधी निर्वाचनमा उपयोग गर्नसक्ने पूर्वानुमानका आधारमा सीमा क्षेत्रमा सुरक्षा निगरानी बढाइएको सुरक्षा स्रोतले जनाएको छ। सुरक्षा चुनौतीलाई ध्यानमा राखेर मुख्य नाकाहरुमा तालिम प्राप्त कुकुर परिचालन गरिएको जनाइएको छ।

**राजनीतिक दलहरूका लागि चुनौती र अवसर**

मुलुकको राजनीतिक दलका लागि सबैभन्दा ठूलो चुनौती नै युवालाई विश्वस्त पार्नु हो। विगतका निर्वाचनमा युवाको सहभागिता अपेक्षाकृत कम रहेको तथ्य स्मरणीय छ। 'सबै दल उस्तै' भन्ने निराशाजन्य सोचका कारण धेरै युवा मतदाता निर्वाचन प्रक्रियाबाट टाढा रहेका थिए। तर, गत भदौ २३ र २४ को जेनजी आन्दोलनले देखाएको चेतना र सक्रियताले अहिले यो धारणामा परिवर्तन हुँदै गएको देखिन्छ। यो आन्दोलनले युवाले अब मौन बस्ने होइन, निर्णय प्रक्रियामा हस्तक्षेप गर्ने सङ्केत दिएका छन्। फलस्वरुप पछिल्लो समय राजनीतिको गति र प्रक्रियामा युवा वर्ग निर्णायक भएका देखिएका छन्।

युवाले के चाहन्छन् भन्ने चर्चाबिना कुनै पनि बहसले पूर्णता नपाउने स्थिति उत्पन्न भएको छ। राजनीतिमा युवाको संलग्नता बढ्नुपर्छ भन्ने आवाज बलियो बन्दै गएको कारण यसअघि दलीय राजनीतिबाट टाढा रहेको ठूलो समूह राजनीतिको केन्द्रमा आइपुगेका छन्। त्यसको प्रभाव दलहरूले दिएको उम्मेदवारीमा समेत परेको छ। उनीहरूले युवा उम्मेदवारलाई प्राथमिकता दिएको पनि देखिन्छ। तापनि युवा उमेर समूहको जनसंख्या र उम्मेदवारबीच सन्तुलन कायम हुन सकेको छैन्।

युवा उमेर समूहले ओगट्ने जनसंख्या र उम्मेदवारको सन्तुलनमा अझै पनि धेरै फरक देखिन्छ। नेपालमा १८ देखि ४० वर्षका मतदाता ५२ प्रतिशत छन्। तर ४० वर्षसम्मका उम्मेदवार ३१ प्रतिशत मात्रै छन्। यस्तो तथ्याङ्कबाट दलहरूले युवा र पाका उमेर समूहलाई सन्तुलित ढङ्गले उम्मेदवारी वितरण नगरेको प्रस्ट हुन्छ। युवाको सक्रियता लोकतन्त्रका लागि सकारात्मक सङ्केत हो। निर्वाचनलाई केबल सत्ता हस्तान्तरणको प्रक्रिया मात्र नभई युवाको बदलिँदो राजनीतिक चेतना पनि हो। विगतमा राजनीतिक उदासीनताको आरोप खेप्दै आएको युवा वर्ग आज नीति, नेतृत्व र प्रणाली माथि प्रश्न उठाउन अग्रपंक्तिमा देखिन थालेका छन्। यही परिवर्तन आसन्न प्रतिनिधिसभा निर्वाचनको सबैभन्दा निर्णायक तत्व बन्ने सङ्केत गरेको हो।

आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचन नेपालका लागि केवल अर्को चुनाव होइन, पुस्तागत राजनीतिक सङ्क्रमणको निर्णायक मोड पनि हो। जेन-जीले उठाएको प्रश्न, प्रस्तुत गरेको विकल्प र देखाएको सक्रियताले आगामी राजनीतिक दिशा तय गर्नेछ। युवालाई केवल मतदाता होइन, नीति साझेदारका रूपमा स्वीकार गर्नसके मात्र निर्वाचन लोकतन्त्र सुदृढीकरणको माध्यम बन्न सक्छ।

सरकार, निर्वाचन आयोग, राजनीतिक दल र सम्पूर्ण नागरिक उत्साह साथ निर्वाचनको तयारीमा जुटिरहेको बेलामा भ्रष्टाचार, कुशासन, अविकास र आर्थिक सङ्कटबिरुद्ध लाग्ने जनप्रतिनिधि चयनका लागि आम मतदाता अत्यन्तै चनाखो देखिन्छन्। हरेक दृष्टिकोणबाट राज्यलाई आत्मनिर्भर बनाउने गरी उद्योग-व्यवसाय सञ्चालनमा जनप्रतिनिधिको सहयोग र साझेदारी सहज हुनुपर्छ। अब आमनेपालीले रोजगारीका लागि मुलुक छाड्नु नपरोस्। समानता, सुशासन र राष्ट्रिय समृद्धि आगामी निर्वाचित सरकारको मूल मन्त्र र कार्यदिशा बनोस्। निराशा हटाएर राष्ट्रोन्नतिको आशा जगाउने जनप्रतिनिधि अहिले चाहिएको छ । नेता र नेतृत्वका विगतका क्रियाकलाप र भ्रष्टाचारका बेथिति राम्रै देखिसकेका नागरिकले अब जनप्रतिनिधि चयनमा कसैको धम्की, लोभ, बहकाउ र स्वार्थलिप्सामा नलागी पूर्ण विवेक र वैयक्तिक स्वतन्त्रता प्रयोग गर्नु जरुरी छ।

# दूध शुद्ध छ कि छैन कसरी थाहा पाउने ?

दूध हरेक घरपरिवारको अत्यावश्यक सामाग्री हो। बिहानको चिया होस्, बालबालिकाको खाजा होस् वा कुनै मिठाईको तयारी नै गर्नुपर्ने अवस्था नै किन नहोस्, दूध बिना केही पनि चल्दैन। तर, के तपाईले कहिल्यै परीक्षण गर्नु भएको छ कि तपाईले दैनिक पिउने दूध शुद्ध छ कि छैन ?

मिसावटको यो युगमा घरमा दैनिक आउने दूध कति स्वस्थ्यकर छ भन्ने जान्न जरुरी भइसकेको छ। यदि तपाई पत्ता लगाउन चाहनुहुन्छ भने तपाईले केही सरल तरिकाबाट नै थाहा पाउन सक्नु हुन्छ। उसो भए, आउनुहोस् र थाहा पाउनुहोस् कि मिसावट दूध कसरी चिन्ने ?



आजकल दूधमा पानी, स्टार्च, डिटर्जेन्ट, युरिया, सिन्थेटिक दूध जस्ता वस्तुमा मिसावट हुने गरेको छ। यी मिसावटहरूले दूधको पौष्टिकतालाई नष्ट गर्ने मात्र होइन, लामो समयसम्म सेवन गर्दा स्वास्थ्यमा पनि गम्भीर हानि पुर्‍याउने गर्दछ। यस प्रकारको दूध सेवन गर्दा विशेषगरी बालबालिका, वृद्धवृद्धा र गर्भवती महिलाका लागि घातक हुन सक्छ।

**चिल्लो सतहद्वारा पहिचान :**

कुनै रसायन वा प्रयोगशाला परीक्षण बिना नै दूध शुद्ध छ वा छैन थाहा पाउन सकिन्छ। यसका लागि तपाईलाई चाहिने भनेको चिल्लो सतह हो, जस्तै स्टिल प्लेट वा सिसाको टुक्रा। यसपछि सतहमा दूधको केही थोपा छोड्नु होस्। थोपाहरू कसरी बग्छन् ध्यान दिनुहोस्। यदि दूध बिस्तारै बग्छ र बाक्लो सेतो धार छोड्छ भने दूध शुद्ध हुन्छ। यदि दूध छिट्टै बग्छ र रेखा बन्दैन भने यो पानी वा अन्य चीजहरूमा मिसावट भएको ठम्याइ गर्नुहोस्।

**स्टार्च मिसावटमा आयोडिन परीक्षण**

दूधमा स्टार्च मिसावटको लागि आयोडिन परीक्षण गर्न सक्नुहुन्छ । यसका लागि दूधमा आयोडिनको केही थोपा मिसाउनु होस्। यदि दूधको रंग नीलो भयो भने यसमा स्टार्च थपिएको छ भन्ने बुझ्न सकिनेछ।

**सिंथेटिक दूधको लागि फोम परीक्षण**

यो परीक्षण गर्न बोतलमा दूध राख्नुहोस् र त्यसपछि यसलाई मज्जाले हल्लाउनु होस्। यदि आवश्यक भन्दा बढी फोम बन्यो भने बुझ्नु होस कि यो सिंथेटिक दूध हुन सक्छ।






ज्यो. प. खेमप्रसाद पौडेल
फोन सम्पर्क नं. : ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ)** - समय सापेक्षित छ, जुनसुकै काम गरे पनि सिद्ध भएर जाने योग छ, साथीभाइले पूर्ण सहयोग गर्नेछन्, मन प्रशन्न रहला।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)** - स्वास्थ्य प्रतिकुल बन्नेछ, मन अशान्त रहने छ, छोटो दूरीको कष्टकर यात्रा हुने सम्भावना रहेको छ, खानपानमा विशेष ध्यान दिनुहोला।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह)** - अधुरा रहेका कामहरू सिद्ध हुने दिन आएको छ, उच्च अधिकारीबाट साथ, सहयोग र हौशला मिल्नेछ, मन हर्षित हुनेछ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)** - रचनात्मक काम शुरू गर्ने समय आएको छ, पहिले गरिएको कामको हौशलाले थप ऊर्जा मिल्नेछ, स्वास्थ्यले राम्रो साथ दिने समय रहेको छ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)** - बोलिमा विचार पुर्‍याउनुहोला, राम्रै बोल्दा पनि नराम्रो सुनीन सक्छ, गुप्ताङ्गमा समस्या देखिन सक्छ, सतर्क रहनुहोला।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो)** - पराक्रम बढ्ने योग छ, दिगो फाइदा हुने कामहरूको शुरूवात हुनेछ, आयआर्जनको स्रोत बढ्नेछ, प्रेमको डोरो कसीलो भएर जानेछ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते)** - समय सामान्य रहेको छ, काम सफलता नहुँदा मन खिन्न रहला, स्वास्थ्यमा गडबडीको योग रहेको छ, खानपानमा विशेष ध्यान दिनुहोला।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु)** - समय फलदायी छ, चिठ्ठा, उपहार प्राप्तिको योग रहेको छ, छोटो दुरीको रोमान्टीक यात्रा हुनेछ, मन प्रशन्न रहने छ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)** - तपाइँको मन शान्त र खुशी रहने छ, स्वास्थ्यमा समस्या देखापर्न सक्छ, व्ययभार धान्न नसकेर मन चिन्तित रहला।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि)** - दिगो फाइदा हुने काम प्रारम्भ गर्ने समय रहेको छ, आफ्नो लाभांशप्रति अरूले दाबी गर्न सक्छन् धैर्य रहनुहोला।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द)** - समयमा होस नपुग्नाले व्यवहारमा पछि परिएला, आफ्नाबाट टाढिनुपर्ने स्थिति आउन सक्छ, अवसरका लागि दौडधुप गर्नुपर्ने समय छ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि)** - समय अनुकूल देखिन्छ, मिष्ठान्न भोजन मिल्ने छ। छोटो दुरीको यात्रा हुनेछ, विपरीत लिङ्गीको सहयोग प्राप्त हुनाले मन प्रशन्न रहला।

मिति २०८२/११/१६ शनिबारको सुनचाँदी मूल्य
छापावाला सुन प्रति तोला रु. ३,१४,९००/-
चाँदी प्रति तोला रु. ५,७४०/-

# अरुण नदीको बेलीब्रिज भाँचियो

**संखुवासभा, फागुन १६।** संखुवासभाको मकालु गाउँपालिका-५ र २ जोड्ने बेलीब्रिज भाँचिएको छ । मकालु-५ को नुम र वडा नं. २ सेदुवा जोड्ने अरुण नदीमा निर्माण गरिएको बेलीब्रिज भाँचिएको हो ।

शनिबार सिमेन्ट बोकेको लावेट ट्रक तार्ने क्रममा बेलीब्रिज भाँचिएको जिल्ला प्रहरी कार्यालय संखुवासभाका प्रहरी नायव उपरीक्षक कुमारप्रसाद मैनालीले जानकारी दिए । ठूला सवारीसाधन तार्ने क्रममा पुल गाडीसहित भाँचिएको हो ।

बेलीब्रिज भाचिँदा नुम सेदुवा सडकखण्डको भित्री सडकमा प्रदेश-०३-००१ क २९२० नम्बर ट्रक अरुण नदीमा खसेको छ । ट्रक नदीमा खसेर दुर्घटनामा हुँदा सिन्धुपाल्चोक बाह्रबिसे नगरपालिका-९ का ४० वर्षीय अर्जुन श्रेष्ठ गम्भीर घाइते भएको प्रहरी नायब उपरीक्षक मैनालीले बताए ।

घाइते चालकको प्राथमिक स्वास्थ्य केन्द्र नुममा उपचारपश्चात् काठमाडौं लैजाने तयारी भइरहेको छ । निर्माणाधीन कासुवा हाइड्रो पावर कम्पनीको निर्माण सामग्री लिएर गएको लोवेट ट्रक पुल भाँचिएपछि अरुण नदीमा खसेको हो । अरुण नदीको बेलीब्रिज भाँचिएपछि नुम-सेदुवा सडकखण्ड पूर्ण रूपमा अवरुद्ध भएको छ भने आवतजावत ठप्प बनेको छ ।

यस मार्ग हुँदै मकालु बेसक्याम्प जानेआउने गरिन्छ । पुल भत्किँदा स्थानीय, पर्यटक तथा दैनिक उपभोग्य सामग्री ढुवानीमा प्रत्यक्ष असर परेको छ । उक्त पुल मर्मत तथा वैकल्पिक व्यवस्था मिलाउन समन्वय भइरहेको छ । विशेषगरी कासुवा हाइड्रोपावरसँग मर्मतसम्भारका विषयमा छलफल भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

# दुर्घटनामा एक जनाको मृत्यु




**भद्रपुर, फागुन १६।** बिर्तामोड नगरपालिका-४ कञ्चनजङ्घा स्कूल नजिक भित्री सडकखण्डमा भएको सवारी दुर्घटनामा एक जनाको मृत्यु भएको छ भने एक जना गम्भीर घाइते भएका छन् ।

बिर्तामोडबाट सैनिक बजारतर्फ जाँदै गरेको बागमती प्रदेश ०१-०२५ च ६०५० नम्बरको कार र विपरीत दिशाबाट आउँदै गरेको प्रदेश १-०१-०१६ प ३९५९ नम्बरको मोटरसाइकल एकापसमा ठक्कर खाँदा दुर्घटना भएको हो ।

जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी नायव उपरीक्षक खगेन्द्रबहादुर खड्काका अनुसार दुर्घटनामा मोटरसाइकल चालक मेचीनगर नगरपालिका-१३ चारआली निवासी २५ वर्षीय विशाल पौडेल गम्भीर घाइते भएका थिए । पौडेललाई उपचारका लागि बिर्तामोडस्थित बीएण्डसी अस्पताल पुऱ्याइएकोमा चिकित्सकले मृत घोषणा गरेका हुन् ।

उनका अनुसार मोटरसाइकलको पछाडि सवार कनकाई नगरपालिका-६ निवासी २५ वर्षीय चन्द्रकिशोर चापागाईं सोही अस्पतालमा उपचाररत् हुनुहुन्छ । उनको अवस्था गम्भीर रहेको प्रहरीले जनाएको छ । कार चालक बिर्तामोड नगरपालिका-६ निवासी २५ वर्षीय चिराग सिन्हालाई प्रहरीले नियन्त्रणमा लिएको र घटनाबारे थप अनुसन्धान भइरहेको प्रनाउ खड्काले जानकारी दिए ।

# पर्यटकीय गन्तव्य बन्दै च्याङ्गे क्षेत्र

**भोजपुर, फागुन १६।** भोजपुरको पौवादुङमा गाउँपालिकामा रहेको च्याङ्गे पोखरी पर्यटकको आकर्षक गन्तव्य बनेको छ । पोखरीको संरक्षणसँगै यहाँ पानीबोट सञ्चालनपछि यो क्षेत्र पर्यटनको रोजाइँमा परेको हो ।



पर्यटकीय, धार्मिक तथा ऐतिहासिक महत्व बोकेको यस क्षेत्रलाई गाउँपालिकाले संरक्षणसँगै पर्यटकलाई लक्षित गरेर आवश्यक पूर्वाधार निर्माण गरेपछि यहाँ आन्तरिक पर्यटकको संख्या बढेको छ । पर्यटकलाई लक्षित गरेर यहाँ दुईवटा साना पानीबोट समेत सञ्चालनमा ल्याइएपछि पर्यटकको आवागमन झनै बढेको हो ।

पर्यटकलाई लक्षित गरेर 'पञ्चकन्या स्मृति उद्यान (पार्क) निर्माण गरिएको छ भने आउने पर्यटकका लागि अन्य संरचनासमेत निर्माण भएका छन् । च्याङ्गे पोखरीको संरक्षणसँगै यहाँ घुम्न आउने आन्तरिक पर्यटक बढेको गाउँपालिकाले जनाएको छ । यो क्षेत्रलाई दिगो पर्यटन पूर्वाधारका रूपमा विकास गरिरहेको गाउँपालिका अध्यक्ष किरण राईले बताए ।

उद्यानलाई पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न वृक्षरोपण, फलैंचा, विश्रामस्थल निर्माण लगायतका पूर्वाधार विकासका कामहरू निरन्तर रूपमा अगाडि बढाइरहेको छ । स्थानीय तहले पोखरी तथा उद्यानलाई आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धनसँगै शैक्षिक अवलोकन स्थलका रूपमा पनि विकास गर्ने योजना बनाएको छ । पोखरी नजिकै रहेको पञ्चकन्या मन्दिर पुनःनिर्माणका लागि आवश्यक प्रक्रिया अघि बढाइएको छ ।

पोखरीको प्राकृतिक सुन्दरताको दृश्यावलोकन गर्न आन्तरिक पर्यटकहरू आउने गरेको स्थानीयबासी सावित्रा फुयालले बताए । परापूर्वकालमा यहाँ च्याङ्गा आएर पोखरीको पानी खाने र दिनभर आराम गर्ने भएकाले 'च्याङ्गे पोखरी' नामाकरण गरिएको स्थानीयबासीको कथन छ । परापूर्वकालदेखि नै पोखरीको पानी जुनसुकै खडेरीमा पनि नसुक्ने स्थानीयबासीको भनाइ छ ।

यही पोखरीको नामबाट यहाँ च्याङ्गे बजार समेत लाग्ने गरेको छ । विश्राम गर्न घुम्न डुल्न, तस्वीर लिन र दृश्यावलोकनको भरपुर आनन्द लिन आन्तरिक पर्यटक जाने गरेको स्थानीयवासी राम पुलामी मगरले बताए । यसको संरक्षणपछि यहाँको पर्यटनमा टेवा पुगेको उनको भनाइ छ ।

विभिन्न पूजाआजामा पोखरीकै छेउको पञ्चकन्या मन्दिरमा भक्तजनको जमघट हुने स्थानीयबासीको भनाइ छ । ऐतिहासिक र धार्मिक महत्व बोकेको यो स्थानको प्रचारप्रसार गरी पर्यटन प्रवर्द्धन गर्न सके आर्थिक रूपमा समेत टेवा पुग्ने स्थानीयबासीहरूको विश्वास छ ।

# प्राथमिक स्वास्थ्य उपचार सेवा उपलब्ध गराउन निर्वाचन आयोगको निर्देशन

**झापा, फागुन १६।** निर्वाचन आयोगले यही फागुन २१ गते सम्पन्न हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि आवश्यक पर्न सक्ने प्राथमिक स्वास्थ्य उपचार सेवाका लागि मतदान केन्द्रमा प्राथमिक उपचार सेवा उपलब्ध गराउन निर्देशन दिएको छ ।

यसका लागि अस्पताल तथा स्वास्थ्य संस्थामा स्वास्थ्यकर्मी तयारी अवस्थामा राख्न आयोगले सरोकार भएकाको ध्यानाकर्षण गराएको हो । फागुन २१ गते १० हजार नौ सय ६७ मतदान स्थल र २३ हजार दुई सय ५५ मतदान केन्द्र (अस्थायी समेत)मा मतदान हुँदैछ । उक्त दिन निर्वाचनमा खटिने कर्मचारी, सुरक्षाकर्मी तथा मतदान गर्न आउने अपाङ्ग, अशक्त, ज्येष्ठ नागरिक लगायतका मतदातालाई आवश्यक पर्न सक्ने प्राथमिक स्वास्थ्य उपचार सेवाका लागि व्यवस्था मिलाउन आयोगले आह्वान गरेको हो ।

निर्वाचनको व्यवस्थापकीय कार्य आयोगबाट स्वीकृत कार्य तालिका बमोजिम निरन्तर जारी रहेको उल्लेख गर्दै आयोगले प्रतिनिधिसभा सदस्य निर्वाचनमा सबै मतदान केन्द्रमा खटिने कर्मचारी, सुरक्षाकर्मी तथा मतदान गर्न आउने मतदातालाई आवश्यक पर्न सक्ने आकस्मिक स्वास्थ्य सेवा सम्बन्धित मतदान स्थलमा उपलब्ध गराउने व्यवस्था मिलाउन निर्देशन दिएको आयोगका सहसचिव एवम् प्रवक्ता नारायणप्रसाद भट्टराईले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

आयोगले सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत् सबै स्थानीय तहमा आवश्यक सहयोगका लागि लेखी पठाइएको उनले बताए ।


**UAE मा रोजगारीको अवसर**
७ दिनमा भिषा आउने
कम्पनी: युनाइटेड इन्टरनेशन ग्रुप LT No. 309924
पद : मेसन, कार्पेन्टर, स्टील फिक्चर, हेल्पर
ASIA LINK SERVICES (P) LTD.
BRANCH OFFICE : BIRTAMOD, JHAPA
Tel: 023-535072 / 531287
Mob: 9852674809 / 9863714421
9807963795 / 9816015488
email: asialinkjhapa@gmail.com
phagdhakgroup@gmail.com

**वैदेशिक रोजगार**
यहाँबाट दुबई, कतार, कुवेत, मलेशिया, साउदी अरब लगायतका देशहरुमा भरपर्दो राम्रो कम्पनीमा कामदारहरु पठाउने व्यवस्था गरिएको छ । सम्पर्क गर्नुहोला ।
HK EMPLOYMENT SERVICES PRIVATE LIMITED
सम्पर्क : ९८४२६३४८७४, ९८१६०४९८७६, ०२३-५३५९७३
बिर्तामोड, झापा

**वैदेशिक रोजगार**
के तपाई विदेश जान चाहनुहुन्छ ?
यदि सस्तो, भरपर्दो र विश्वासिलो मेनपावरको खोजीमा हुनुहुन्छ भने ब्रदर्श इन्टरनेशनल इम्प्लोइमेन्ट प्रालिलाई सम्झनुहोस् । हामी दुबई, कतार, कुवेत, मलेशिया, साउदी अरबमा डाइरेक्ट कम्पनीमा कामदारहरु पठाउने व्यवस्था गरिएको छ ।
सम्पर्क: ९८०१४०१३००, ९८०१४२७३०१, ९८०१४२७३०३
बिर्तामोड, झापा

**वैदेशिक रोजगार**
अब वैदेशिक रोजगारीका लागि भरपर्दो मेनपावर बिर्तामोडमा
हामीलाई सम्पर्क गर्नुहोस् । बिना झन्झट राम्रो तलब (सेलरी)मा तपाईलाई वैदेशिक रोजगारमा हामी पठाउँछौं ।
सम्पर्क :
GLOBAL RECRUIT EXPERTS
Branch Office: Birtamode, Jhapa
Near Aduwa Khola Behind Binayak hotel
Birtamode, jhapa, Nepal
Phone No. :
023-590528, 9702959640, 9702959641, 9702959642, 9702959643, 9806004031
email: globalrecruitexperts9@gmail.com

**Ganapati Bakers**
Finest Bakery in town
गणपति बेकरीका परिकारहरुका लागि हामीलाई सम्झनुहोस् ।
सम्पर्क नम्बर :
बिर्तामोड : ९८१०९४४५७७
काँकरभिट्टा : ९८२०५४४५७७
भद्रपुर : ९८२०१४४५७७

शुद्ध दूधको स्वस्थ उत्पादन
**कोसेली**
"सुखद् उत्सव होस वा पारिवारिक समारोहमा कोसेली सधैँ तपाईहरुको साथमा'
दूध तथा दूधबाट बनेका सम्पूर्ण उत्पादनहरु बिर्तामोड एरियामा होम डेलिभरीसहित उपलब्ध छ । साथै क्याटरिङ्ग तथा पार्टी भोजका लागि चाहिने सम्पूर्ण दूध परिकार र मिनी रसवरी पनि उपलब्ध छ ।
कालिका डेरी,
कृषियोक पूर्वगेट बिर्तामोड,
फोन नं.: ०२३-५३४१२९
९८५२६४४१२९, ९८०२३१३२७२

**सिलिङ्ग सम्बन्धीको सम्पूर्ण काम गर्नुपरेमा हामीलाई सम्झनुहोस्**
यहाँ गुणस्तरीय सामानको प्रयोग गरी जिप्सन, फल्ससिलिङ, २x२ जिप्सन तथा २x२ सिमेन्ट बोर्ड सिलिङ्ग साथै पीभीसी सिलिङ्ग र सिमेन्ट बोर्ड पाटेसन सम्बन्धी सम्पूर्ण काम दक्ष प्राविधिकबाट गरिनुका साथै सिलिङ्ग सम्बन्धी सम्पूर्ण सामान होलसेल तथा खुद्रा मूल्यमा उपलब्ध छ । आजै सम्पर्क गर्नुहोस् मौकाको फाइदा लिनुहोस् ।
बिर्तामोड :
झापा फल्स सिलिङ्ग हाउस
९८१७९९७२१२, ९८२५९१४४३०
उर्लाबारी : उर्लाबारी इन्टेरियर डेकोर
फोन नं. : ९८११३४८२४३

**घर ढलान गर्नुछ ?**
तपाईको सेवामा सधैं चन्द्र सूर्य आर.एम.सी.
झापा तथा इलाम जिल्लामा घर ढलान, बाटो, पुल-पुलेसाका तथा भौतिक संरचनामा उच्च गुणस्तर कंक्रिट ढलानका लागि आधुनिक रुपमा अनुभवी कामदारबाट काम गर्नु परेमा सधैं सम्झनुहोस् ।
सेवामा २४सैं घण्टा उपलब्ध छौं ।
सम्पर्क :
९८०२३१३२९०
९८२४०५७७०७
९८०२३१३२९३

**हामीलाई सम्पर्क गर्नुहोस्**
सेक्युरिटीमा जागिर खानु परे वा सेक्युरिटी चाहिएमा हामीलाई सम्पर्क गर्नुहोस् । हामी तपाईहरुको आवश्यकता पूरा गर्नेछौं ।
नोट: सिविल वा रिटायर जुनै भए पनि हुनेछ ।
सेभेन स्टार सेक्युरिटी सर्भिस प्रा. लि.
SEVEN STAR SECURITY SERVICE PVT. LTD.
फोन : ०२३-५९१०९५,
मो. ९८०१४१६८४०, ९८०१४१६८४१
मो. ९८०१४१६८४२, ९८०१४१६८४३

**कार्की ट्याक्सी सर्भिस**
दमक-बिर्तामोड-दानाबारी-जितपुर-मंगलबारे दैनिक सेवा रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्
छुट्ने समय
दमकबाट : बिहान ६ बजे
बिर्तामोडबाट : बिहान ७ बजे
मंगलबारेबाट : दिउसो १२ बजे
सम्पर्क (चालक)
सन्तोष ९८०६०१८१७४ ९८४०३८७६७५
जीवन कार्की ९८१७९४०१७३
मे १ ज १६७०

**विशेषज्ञ डाक्टरहरुको सेवा अब कान्तिपुर मेडिसीन सेन्टर**
उपचार हुने रोगहरु :
- उच्च रक्तचाप (Blood pressure)
- सुगर, हर्मोन, थाइराइड विशेषज्ञ
- वरिष्ठ मानसिक रोग विशेषज्ञ
- वरिष्ठ छाला, यौन रोग विशेषज्ञ
- वरिष्ठ बाल रोग विशेषज्ञ
- स्त्री तथा प्रसुति रोग विशेषज्ञ
यहाँ रेबिजविरुद्धको भ्याक्सीन लगाइन्छ । साथै प्याथोलोजी सेवा पनि उपलब्ध छ ।
अदुवा पुल छेउ गणेश पेट्रोल पम्पसँगै बिर्तामोड, झापा (फोन: ०२३-५३२८४५)

**ताप्लेजुङ -पाथीभरा सफल यात्रा**
बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्ब, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।
ताप्लेजुङ पाथीभरा काउन्टर
मो. : ९८०३२५०४७२ ९८०१३६४०९३

उच्च गुणस्तर सुलभ मूल्य
**सयपत्री बालुवा प्रशोधन उद्योग**
यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ ।
सम्पर्क : ९८६६२४२४६६
Whatsp: ९८४२६५४४००/९८०४९५४४००
अर्जुनधारा नपा- ४, झापा

अब बिर्तामोडमा
**डा. पितामबर ठाकुर**
MBBS. MD(TU)
NMC NO. 1914
मेची अञ्चल अस्पतालका Ex-Superintendent वरिष्ठ फिजिसियन
हरेक दिन बिहान ११:०० देखि १:०० र दिउसो ३:०० देखि ५:०० बजेसम्म
के तपाईलाई तलका मध्ये कुनै समस्या छ ?
पेट सम्बन्धी समस्या, बाथ, मुटु सम्बन्धी समस्या, थाईराईड, राति निद्रा नलाग्ने, रक्तचाप, छाती दुख्ने, मधुमेह, फोक्सो सम्बन्धी समस्या
डाक्टर आउने समय : बिहान ११:०० बजेदेखि ५:०० बजेसम्म
(+977) 9817964771
(+977) 023-590008
THAKUR POLYCLINIC
Birtamode-1, Jhapa, Nepal
Opposite of Paschim Bus Stand

**आयुर्वेद उपचार**
यहाँ पाइल्स, फिस्टुला, फिसरको विशेषज्ञ डाक्टरद्वारा सफल उपचार गरिन्छ । साथै शरीरका सम्पूर्ण रोगहरुको पनि उपचार गरिन्छ ।
सुश्रुत आयुर्वेद अस्पताल प्रा.लि.
काँकरभिट्टा रोड, बोलबम पेट्रोलपम्पसँगै काली मन्दिर छेउ, बिर्तामोड
सम्पर्क: ९८१८७९३९८६, ९८५२६८८९८६

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।
**झापा सेफ्टी ट्यांकी तथा ढल सफाई**
बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५, ९८०६०१०४१०
९८४२६३४६२, ०२३-५४६००५
दमक सम्पर्क:
देवी सिटौला
९८२४९७९१८५, ९८४२७६०२६५, ९८४२३३२४३०
झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

**सेफ्टी ट्यांकी चाहिएमा**
अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा राम्रो सेफ्टी ट्यांकीलाई सम्पर्क गर्नुहोस् । सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ ।
सम्पर्क: शिवसताक्षी, कन्काई, बिर्तामोड, धुलाबारी, अर्जुनधारा, बुधबारे
देवराज गिरी
९८१३६७६६२२/९८४२०७०५८६/९७०६१९६४०६

DRISHTI Eye Care System
TRUSTED BY MORE THAN 1.1 MILLION+ PATIENTS
**प्रत्येक दिन आँखाको शल्यक्रिया**
१) मोतियाबिन्दुको शल्यक्रिया
२) जलविन्दुको शल्यक्रिया
३) आँखाको पर्दा (रेटिना)को शल्यक्रिया
४) आँखाको डेढोपन (छड्के आँखा)को शल्यक्रिया
५) आँखाको नानी प्रत्यारोपण (शल्यक्रिया)
Visit our Website www.drishtieye.org
सबैका लागी दृष्टि सधैंका लागी दृष्टि

**आरोग्य मल्टि-स्पेसियलिटी डेन्टल क्लिनिक**
१५ वर्षको अनुभवसँग तपाईंको सेवामा :
हामीले प्रदान गर्ने सेवाहरू :
- दाँतका सम्पूर्ण समस्याको समाधान
- आर्थोडन्टिक उपचार (braces)
- दाँत सफा गर्ने (Scaling)
- ब्रिज, क्राउन र इम्प्लान्ट (implant)
- बालबालिका दाँत उपचार
निःशुल्क चेक-अप र आर्थोडन्टिक परामर्श लिनुहोस् ! तपाईंको सेवामा !
हाम्रो स्थानहरू :
बिर्तामोडमा हिकोला रोड
फोन नं. ९८६९१८३०४२
शनिश्चरेमा NIC एशिया बैंकको तल फोन नं. ९८१७०५६११८



# डेंगी रोगबाट आफू बचौँ अरुलाई पनि बचाऔं



बिर्तामोड नगरपालिकाले डेङ्गी रोगको रोकथाम र नियन्त्रणको लागि लामखुट्टेको लार्भा 'खोज र नष्ट गर' अभियान सुरू गरेको हुँदा सबै जना अनिबार्य सहभागी बनौं ।

**डेंगी के हो ?**

डेंगी लामखुट्टेबाट सर्ने भाइरल संक्रमण वा रोग हो । डेंगीका कारण उच्च ज्वरो आउने,बेस्सरी टाउको दुख्ने, आँखाको गेडी दुख्ने, हाडजोर्नी र मांसपेशीहरू र ढाड दुख्ने, शरीरमा विविरा आउने, रिँगटा लाग्ने, वाकवाकी, वान्ता हुने, यसका साथै पेट दुख्ने, श्वासप्रश्वासमा समस्या आउने, नाक वा गिजाबाट रगत बग्ने, रक्तश्राव हुने, बेहोस हुने आदि हुने गर्दछ ।

**डेंगीबाट बच्न के गर्न सकिन्छ ?**

- बिहान, दिउँसो, राति जुनसुकै बेला झुल लगाएर मात्रै सुत्ने,
- पूरा बाहुला भएको पूरा शरीर ढाक्ने लुगा लगाउनु पर्छ,
- शरीरका खुल्ला भागमा लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाउने,
- लामखुट्टे भगाउन लामखुट्टे धपाउने विधिहरू अपनाउने जस्तै : धुप बाल्ने,
- घरभित्र लामखुट्टे छिर्न नदिन घरको झ्याल ढोकामा जाली लगाउने,
- आफ्नो घर वरिपरि, कार्यस्थल र सार्वजनिक स्थानहरूमा पानी जम्न नदिई सफा राख्ने,
- पानी जमिहालेको खण्डमा हप्तामा २ पटक जमेको पानी फाल्नुपर्छ,
- कुलरमा रहेको पानी हप्तामा २ पटक सफा गर्नुपर्छ,
- गमला वा गमला राखेको प्लेटमा जमेको पानी हप्तामा २ पटक फालेर प्लेट सफा राख्ने,
- भाँडाकुँडामा पानी जम्न नदिन घोप्ट्याएर राख्ने,
- घर वरपर रहेका पानी जम्ने खाल्डाखुल्डीलाई पुरिदिने,
- काम नलाग्ने भाँडाकुँडा, सिसी, बोतल, प्लास्टिकका सामग्री, टायर आदिको पानी जम्न नमिल्ने गरी विसर्जन गर्ने ।

डेंगीविरूद्ध खोप र खास उपचार समेत नभएकाले लामखुट्टेको टोकाइबाट बच्नु नै यस रोगबाट बच्ने प्रमुख उपाय हो । डेंगीको शंका लाग्नासाथ नजिकैको स्वास्थ्य संस्थामा अनिवार्य जानुहोस् ।

जनहितका लागि
बिर्तामोड नगरपालिका
झापा, कोशी प्रदेश


## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मिति : २०८२/११/१७**

यस कम्पनीको मिति २०८२/१०/२७ मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम साविकको कम्पनी हिमालयन इन्फास्ट्रक्चर एण्ड कन्स्ट्रक्सन प्रा.लि. (प्रा. लि. नं. १५६९४४) को नाममा रहेको सम्पूर्ण चलअचल सम्पत्ति तथा तिर्न व्यहोर्नुपर्ने ऋण, धन, कर, दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने, व्यहोर्ने गरी श्री कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८२/११/१५ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी एस. हिमालयन इन्फास्ट्रक्चर एण्ड कन्स्ट्रक्सन प्रा.लि. कायम गरिएको व्यहोरा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।


**हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार**
पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।
जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।
स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा
(फोन : ०२३-५३०१२३, ९८०३१५४६१९, ९८१४०३२६६२, ९७६२९००२८८)